**गर्मी मौसममा सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्दछन्,
- सङ्क्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily .com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily .com

❖ वर्ष ३७ ❖ २०८१ वैशाख ०५ गते बुधवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 April 17 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२५

# वनको डढेलो र गहुँको ठुटो जलाउँदा आगलागीको जोखिम र वातावरण प्रदूषित हुँदै

तस्वीरः प्रतीक



प्रस, सेढवा, ३ वैशाख/

वनमा लागेको डढेलो तथा किसानहरूले गहुँको ठुटो हटाउनका लागि खेतमा आगो लगाउँदा आगलागीको जोखिम बढ्नुका साथै वातावरण प्रदूषित हुन थालेको छ। डिभिजन वन कार्यालय, पर्सा अन्तर्गत राष्ट्रिय वनमा पटकपटक डढेलो लागिरहेको हुँदा डढेलोबाट उत्पन्न धूवाँका कारण वातावरण प्रदूषित भएको छ ।

किसानहरूले गहुँ भित्र्याएपछि खेतमा रहेका गहुँका ठुटा र छवालीमा अव्यवस्थित तरीकाले आगजनी गरेर नष्ट गरिरहेका छन् । चर्को घाम र हावा चलिरहेको बेला खेतमा आगो लगाउँदा ग्रामीण क्षेत्रमा आगलागीका घटना वृद्धि भएका छन् । मानवबस्तीसँग जोडिएका खेतबारीमा आगजनी गर्दा जङ्गलसँगै गाउँघरमा पनि आगलागीका घटना हुने गरेका छन् ।

जङ्गलमा लागेको डढेलो र खेतमा गहुँको ठुटो र छवालीमा आगजनी गर्दा सोबाट निस्किने धूवाँका कारण वातावरण नै प्रदूषित भएको छ। हावामा बाक्लो धूवाँ भएका कारण प्राणीको स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ ।

प्रदूषित वातावरणका कारण बिहान हुस्सु लागेजस्तो धूवाँले ढाकिएको देखिन्छ। जसले गर्दा आँखा पाकेर सुन्निने र रातो हुने तथा छालामा विभिन्न किसिमका सङ्क्रमण र रोग लाग्ने गरेको छ ।

आगजनी तथा डढेलोबाट निस्केको धूवाँले विशेषगरी जङ्गलसँग सिमाना जोडिएका ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली गाउँपालिका, पर्सागढी नगरपालिकाका बासिन्दामा यस्ता समस्या देखिएको स्थानीयहरूले बताएका छन् ।

सबडिभिजन वन कार्यालय वसन्तपुरका प्रमुख सुमन पाण्डेले जङ्गलमा प्रवेश गर्नेहरूको खानतलाशी गरेर सलाई, लाइटर लिने गरेको बताए । जङ्गलको सीमा खुला भएकोले गोठालो जाने तथा दाउरा लिन जानेहरूले जङ्गलमा आगो लगाउने गरेको उनको भनाइ छ ।

गहुँबालीबाट निस्केको छवाली तथा ठुटा लामो समयसम्म नकुहिनाले खेतमा आगजनी गरेर नष्ट गर्नुपरेको किसानहरू बताउँछन् । खाली खेतमा चैते धान रोप्नुपरेकोले पनि अहिले सुक्खा भएको बेला किसानहरूले जलाउने गरेका छन् । पानी परेपछि छवाली र ठुटो भिजेपछि जलाउन कठिन हुने भएकोले यही मौसममा जलाउनुपर्ने बाध्यता रहेको किसानहरूको भनाइ छ ।

## गहुँमा आगलागी, किसानले क्षतिपूर्ति पाउने

पर्साको जगरनाथपुर गाउँपालिका वडा नं ३ खुलुचडीमा आगलागी भई क्षति भएको गहुँबालीको क्षतिपूर्ति पाइने भएको छ । चैत ३० गते हार्भेस्टर मेशीनको प्रयोग गरी गहुँ कटानी गर्ने क्रममा मेशीनबाटै आगलागी भएको थियो ।

सो आगलागीबाट स्थानीय महमद आसिक अन्सारी, नसरुल्लाह अन्सारी, सनलुलाह अन्सारी, नसरुद्दीन गद्दी, सुभान गद्दी, जुमाद्दीन गद्दी, तैयब अन्सारी, महमद सानी अन्सारी, इसा अन्सारी, मकसुद गद्दी, विजय गद्दी र करमुल्लाह गद्दीका गहुँबाली जलेर नष्ट भएको थियो । सो हार्भेस्टर मेशीनका साहु स्थानीय फजिल गद्दी रहेका छन् । जगरनाथपुर गापाका अध्यक्ष श्रीकान्त यादव, वडाध्यक्ष सुभाषकुमार यादव तथा स्थानीय अगुवाहरूले पञ्चायत बसी हार्भेस्टरका साहु फजिलले किसानहरूलाई प्रतिबिघा ५५ मन (२२ क्वीन्टल) गहुँ क्षतिपूर्ति दिने निर्णय गरेका हुन् । जलेको गहुँबालीको जग्गाको नापी गर्दा छ बिघा र १० कट्टा रहेको स्थानीय महमद सानी अन्सारीले बताए ।

# लोसपा मधेस सरकारबाट बाहिरियो मुख्यमन्त्रीद्वारा मन्त्रिमण्डल विस्तार

प्रस, वीरगंज, ४ वैशाख/

मधेस प्रदेश सरकारबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मङ्गलवारदेखि बाहिरिएसँगै मुख्यमन्त्री सरोजकुमार यादवले सो पार्टीका तर्फबाट मन्त्री रहेका रमेशकुमार कुर्मीले सम्हाल्दै आएका वन तथा वातावरण मन्त्रालय आफूमातहत राखेर मन्त्रिमण्डल विस्तार गरेका छन् ।

लोसपा संसदीय दलको आज बसेको बैठकले मधेस प्रदेश सरकारबाट बाहिरिने र समर्थन फिर्ता लिने निर्णय गरेसँगै सो पार्टीबाट वन तथा वातावरणमन्त्री रहेका कुर्मीले आज पदबाट राजीनामा गरेका हुन् ।

मुख्यमन्त्री यादवले गरेको मन्त्रिमण्डल विस्तारमा लोसपाबाहेक यसअघि एमाले, माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)ले पाएका मन्त्रालयहरूमा भने पुरानै मन्त्री, राज्यमन्त्रीहरू छन् ।

आज गरिएको मन्त्रिमण्डलको विस्तारपछि मुख्यमन्त्री यादवसँग श्रम तथा यातायात, वन तथा वातावरण मन्त्रालय छ। यसैगरी, अर्का सरोजकुमार यादव भौतिक पूर्वाधार विकास, सञ्जय यादव अर्थ, गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारी, सुरीताकुमारी साह खेलकूद तथा समाज कल्याण, राजकुमार लेखी गृह, सञ्चार तथा कानून, सिंगासनसाह कलवार ऊर्जा, सिंचाइ तथा खानेपानी, शत्रुघ्न सिंह स्वास्थ्य तथा जनसङ्ख्या, सुनीता यादव उद्योग, वाणिज्य तथा पर्यटन, प्रमोदप्रसाद जयसवाल शिक्षा तथा संस्कृति र राज्यमन्त्रीहरूमा शेख अबुल कलाम आजाद ऊर्जा, सिंचाइ तथा खानेपानी, रहबर अन्सारी उद्योग, वाणिज्य तथा पर्यटन र केशव राय स्वास्थ्य तथा जनसङ्ख्या छन् ।

यसैबीच, मधेस सरकारका मुख्यमन्त्री यादवले आज निकै रस्साकस्सीका बीच विश्वासको मत लिन सफल भए । जनमत पार्टीले संसद्मा कृषि विश्वविद्यालयको शिलान्यास कार्यक्रममा भएको घटनामा संसदीय छानबीन समिति गठनको माग गरेर संसद् अवरोध गरेको थियो । आज दुईपटक संसद स्थगित भएको र संसदीय छानबीन समिति बनाउन मुख्यमन्त्री यादव राजी भएको सभामुख रामचन्द्र मण्डलले जानकारी गराउँदा पनि विवाद साम्य भएको थिएन । तर पछि मुख्यमन्त्री यादवले चौथोपटक विश्वासको मत लिन सफल भए । उनको पक्षमा ६१ जनाले विश्वास व्यक्त गरेका थिए ।



मधेस प्रदेश संसदको मङ्गलवारको दृश्य ।

# पर्सागढीले जनता सडक मरम्मत गर्दै

नरेश यादव, पर्सागढी, ४ वैशाख/

पर्सागढी नगरपालिकाले आफ्नो क्षेत्र अन्तर्गतको जनता सडकमा मर्मत सम्भार शुरू गरेको छ ।

२०६५ मा विश्व बैंकको लगानीमा पप्पु कन्स्ट्रक्शनले जीतपुरदेखि रङ्गपुरसम्म जाने सडक कालोपत्र गरेको थियो । हालसम्म यो सडक मरम्मत नहुँदा ठाउँठाउँमा फुटेको, भत्केको र पानी जम्ने गरेका कारण दुर्घटना हुने गरेको छ । नगरप्रमुख गोकर्ण पाठकले नगरपालिकाको सिमाना पश्चिममा सखुवाप्रसौनी गाउँपालिकाको मधुवन मथवलदेखि पूर्व वीरगंज महानगरपालिकाको भेडाहा पुलसम्म र पर्सागढी नपा–३ को उत्तरमा पर्ने सबडिभिजन वन कार्यालय, मधुवन मथवल, बडनिहारदेखि वडा नं ८ को दक्षिण सामुदायिक भवनसम्मको सडक ठाउँठाउँमा फुटेकाले मरम्मत भइरहेको बताए ।



तस्वीरः प्रतीक

# टयाङ्करको ठक्करले प्रहरी जवानको मृत्यु

प्रस, वीरगंज, ४ वैशाख/

जीतपुरसिमरा उपमहानगरपालिका–२ मा टयाङ्करले मोटरसाइकललाई ठक्कर दिंदा जिल्ला प्रहरी कार्यालय, पर्सामा कार्यरत दिनेश परियारको मृत्यु भएको छ ।

हिजो राति प्रहरी जवान परियारले चलाएको ग.१४प ५९७२ नम्बरको मोटरसाइकललाई ना.७ख ३०२६ नम्बरको टयाङ्करले ठक्कर दिएपछि प्रहरी जवान परियार गम्भीर घाइते भएका थिए । उनलाई वीरगंजस्थित एलएस न्युरो अस्पतालमा भर्ना गरिएको र उपचारको क्रममा मङ्गलवार बिहान डेढ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।

प्रहरी जवानले चलाएको मोटरसाइकललाई टयाङ्करले पछाडिबाट ठक्कर दिएको प्रहरीले जनाएको छ । यसैगरी, एक साता अघि जीतपुरसिमरा उपमहानगरपालिका–२१ अमेलखगंजमा डयुटी गरिरहेका पर्सा जिल्लाका एकजना ट्राफिक प्रहरीलाई बसले ठक्कर दिंदा उनको मृत्यु भएको थियो ।

# भाथाधामको विकासको लागि अन्तर्क्रिया

प्रस, पोखरिया, ४ वैशाख/

पटेर्वासुगौली गाउँपालिका–१ स्थित दुग्धेश्वर महादेव मन्दिर (भाथाधाम)को निर्माण तथा संरक्षणको लागि जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रम सोमवार पोखरियामा सम्पन्न भएको छ ।

कार्यक्रममा वक्ताहरूले धार्मिक तथा पर्यटकीय स्थलको विकासका लागि सबै दल एकजुट हुनुपर्ने बताए । उनीहरूले भाथाधामलाई धार्मिक पर्यटन क्षेत्र घोषणा गराउन सबै नेता र पालिकाहरू लाग्नुपर्नेमा जोड दिए । भाथाधामको विकास एउटा पालिकाबाट सम्भव नभएकोले स्थानीय, प्रदेश र सङ्घ सरकार पनि लाग्नुपर्ने बताए ।

साउन, माघ र वैशाखमा भाथाधाममा मेला लाग्ने गर्छ । प्रत्येक मेलाको समयमा कहिले वार्डेन त कहिले प्रमुख जिल्ला अधिकारीबाट अवरोध सिर्जना हुने गर्छ । आगामी दिनहरूमा त्यस्तो नहोस् भनी आजैबाट पहल गर्नुपर्ने वक्ताहरूको जोड थियो ।

समितिका अध्यक्ष अलखदेवप्रसाद थारूको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वमन्त्री सुरेन्द्र चौधरी, प्रदेश सांसद श्याम पटेल, नगरप्रमुख प्रद्युम्न चौहान, उपप्रमुख रूबी ठाकुर, उपाध्यक्ष ज्योति चौरसिया, रामेश्वर रौनियार, दीपनारायण रौनियार, नेजामुद्दीन समानी, सुजित गिरीलगायतले मन्तव्य दिएका थिए ।



तस्वीरः प्रतीक

मधेस प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
कलैया, बारा

**अत्यन्त जरूरी सूचना**

उपरोक्त सम्बन्धमा भौतिक पूर्वाधार मन्त्रालयको प.सं. २०८०/८१ चलानी नं ८१८ मिति २०८०/१२/२७ को प्राप्त पत्र अनुसार मिति २०८०/१२/२६ गते माननीय मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुसार पत्राचार भइसकेका सबै योजना ७ (सात) दिनभित्र सम्झौता गराउनुपर्ने र योजनाहरूको उपभोक्ता समिति गठनसम्बन्धी सम्पूर्ण कार्य २०८१ वैशाख १५ गतेसम्म हुने भएकाले सबै योजना समयमैं सम्झौता गराउनुहुन जानकारीको लागि सबैमा अनुरोध छ । मिति २०८१ वैशाख १५ गतेपछि कार्यालय जवाफदेही नहुने बेहोरासमेत सबैमा जानकारी गराइन्छ ।

**राजेन्द्रप्रसाद साह**
**निमित्त कार्यालय प्रमुख**

**विचारसार र सूक्तिहरू**

**अँध्यारोमा आफ्नै छायाले त साथ छाडिदिन्छ अनि को साथमा छ र कसले साथ छोड्यो भन्ने कुराको फिक्री किन गर्नु ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# सहभुक्तानीको के अर्थ ?

**स्वास्थ्य बीमा कार्यक्रम सरकारले प्रभावकारीरूपमा कार्यान्वय गर्न सकिरहेको छैन । स्वास्थ्य सेवा जनस्तरसम्म पुऱ्याउने उद्देश्यले सरकारले आठ वर्ष अघि २०७२ चैत २५ गतेदेखि स्वास्थ्य बीमा कार्यक्रम लागू गरेको हो । शुरूमा केही जिल्लाबाट शुरू गरिएको यो कार्यक्रम अहिले देशव्यापी भएको छ । स्वास्थ्य बीमाका लागि सरकारले परिवारका पाँचजना सदस्यको दाबी पुग्नेगरी वार्षिक रु तीन हजार सात सय बीमाबापतको रकम लिने र एक वर्षमा एक लाख बराबरको तोकिएको स्वास्थ्य सेवा उपलब्ध गराउने घोषणा गरेको थियो। यसका साथै ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई भने यो सेवा निश्शुल्क गरिएको छ। सरकारको यो योजनाबाट अहिले लाखौंलाख मानिस लाभान्वित भएका छन् । शहर केन्द्रित यो सेवामा पछिल्लो समय ग्रामीण क्षेत्रका जनताको पनि उत्साहजनक सहभागिता देखिएको छ। अहिलेसम्म स्वास्थ्य बीमा गराउनेहरूको सङ्ख्या सरकारी तथ्याङ्क अनुसार ७४ लाख बढी छ। तर सेवा लिने सङ्ख्या भने ४७ लाख मात्र छ। यसमा पनि टाठाबाठाहरू भने पैसा नलाग्ने भनेर अनावश्यकरूपमा चेकजाँच गराउने कार्यमा बढी सक्रिय देखिएका छन् ।**

**पैसा लाग्ने क्रममा आवश्यक स्वास्थ्य उपचार गराउँदै आएका मानिसहरू अहिले बीमा अवधि सकिने क्रममा पैसा नलाग्ने हुँदा अनावश्यकरूपमा चेकजाँच गराउन थालेपछि स्वास्थ्य बीमा बोर्डले गत माघदेखि सहभुक्तानीको व्यवस्था गरेको हो। तीन महीनादेखि यो सेवा लिनेहरूले लाग्ने शुल्कको १० प्रतिशत सहभुक्तानी गर्नुपर्ने भएको छ । सहभुक्तानीलाई नियन्त्रणको रूपमा सरकारले परिभाषित गरे पनि बीमाकर्ताहरूको लागि भने अतिरिक्त भार हो र यसमा उपभोक्ता हितमा काम गर्ने संस्थाहरूले अहिलेसम्म विरोध गरेका छैनन् । स्वास्थ्य बीमाबापत वार्षिक तीन हजार पाँच सय लिने र सहभुक्तानीबापत १० प्रतिशत लिंदा एक लाखको सेवा लिनेले अतिरिक्त रु दश हजार सहभुक्तानी गर्नुपर्ने हुन्छ। यो रकम वार्षिक बीमाबापत तिर्नुपर्ने प्रिमियमभन्दा डेढ सय प्रतिशत बढी हो । सरकारले तीन महीना अघि गरेको यो निर्णयको विरोध नभएपछि अहिले फेरि बीमाकर्ताहरूलाई आर्थिक भार पर्ने गरी स्वास्थ्य बीमा बोर्डले तोकिएको सरकारी अस्पतालबाहेक सामुदायिक र निजी अस्पतालमा सेवा लिंदा २० प्रतिशत सहभुक्तानी गर्नुपर्ने नियम लगाएको छ । यो झनै विरोधाभासपूर्ण छ ।**

**सरकारले सरकारी अस्पतालको सेवा प्रभावकारी बनाउने उद्देश्यले यो नीति अवलम्बन गरेको दाबी गरेको छ । तर यसबाट सरकारी अस्पतालबाट सेवा लिनेहरूको सङ्ख्या बढ्ने छाँटकाँट देखिंदैन र कुनै कारणवश निजी अस्पतालबाट सेवा लिने आम नागरिकलाई भने थप आर्थिक भार पर्न जान्छ । ७४ लाख बीमित रहेको स्वास्थ्य बीमा कार्यक्रममा ४७ लाख सक्रिय देखिनुले यो सेवा अहिलेसम्म जानेबुझेकाहरूले बढी लिइरहेका देखिन्छ । सरकारले बीमा कार्यक्रमहरू अध्ययन अनुसन्धानविना हचुवाको आधारमा ल्याउने गरेकाले शुरूमा लागू गर्ने र पछि बिस्तारै दायित्वबाट पन्छिने गर्दै आएको छ। उदाहरणको लागि कोरोना बीमालाई लिन सकिन्छ । सोबापत रु १२ अर्ब भुक्तानी लिन बाँकी छ, यसको लागि कसैले बोलेको छैन। कोरोना प्रमाणित हुनासाथ रु एक लाख बीमाबापत पाउने भनेर प्रतिव्यक्ति साढे छ सय प्रिमियम लिएर बीमा गरियो तर अहिलेसम्म हजारौं मानिसले भुक्तानी पाउन नसकेको अवस्था छ। अहिले स्वास्थ्य बीमा कार्यक्रम पनि त्यस्तै हुँदैछ। बीमा गरेपछि सहभुक्तानीको के अर्थ ?**

# मधुरो चालको हाम्रो अर्थतन्त्र

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**नेपालमा वामपन्थी सरकार बन्नु भारतको लागि रुचिकर छैन। अर्कोतर्फ चीनले बिआरआईमा अनुदान वा न्यून ब्याजदर एवं बढी भुक्तानी अवधि माग गर्नु र ऋण मिनाहा असान्दर्भिक भएको अप्रत्यक्ष सन्देश दिएर चीनको शर्त स्वीकार गरेर काम गर्नुपर्ने सन्देश दिएको छ ।**

नेपालको केन्द्रीय तथ्याङ्क कार्यालयले चालू आव २०८०–८१ को दोस्रो त्रैमासिकको सार्वजनिक गरेको विवरण अनुसार कुल गार्हस्थ्य उत्पादन गत वर्षको सोही अवधिको तुलनामा चार प्रतिशतले बढेको छ । समीक्षा अवधिमा कृषि उत्पादन एवं पर्यटनतर्फ भएको वृद्धि नै यसको प्रमुख कारण रहेको औंल्याइएको छ । यस समीक्षामा अर्थतन्त्रका १८ क्षेत्रमध्ये सबैमा सामान्य सुधार देखिए पनि औद्योगिक वस्तुको उत्पादन वृद्धिदर –०.४ प्रतिशतले ऋणात्मक देखिएको छ । अर्कोतर्फ विश्व बैंकले गत साता साउथ एशिया डेभलपमेन्ट अपडेट सार्वजनिक गर्दै चालू आवमा नेपालको आर्थिक वृदिदर ३.३ प्रतिशत र २०८१–८२ मा ४.६ प्रतिशतको वृद्धि हुने प्रक्षेपण गरेको छ। चालू आवको लागि गरिएको प्रक्षेपणमा नेपालले ६ प्रतिशतको लक्ष्य राखेको थियो । आर्थिक क्षेत्रका विज्ञहरूका अनुसार यस्तो हुनु पछाडिको कारण राजनैतिक अस्थिरताका साथै भूटानी शरणार्थी प्रकरण, सुनकाण्ड, ललिता निवास प्रकरण, सहकारी घोटालाका साथै इम्बोस्ड नम्बर प्लेट, अन्त:शुल्कको स्टिकर छपाइ, भ्याट छुट र दूरसञ्चार क्षेत्रमा उजागर भएका भ्रष्टाचारका ठूल्ठूला काण्डहरू सार्वजनिक भएपछि यसमा राजनैतिक दलका नेताहरूको संलग्नतामा सङ्गठित रूपमा भ्रष्टाचार भइरहेको कारण र आम जनताले सरकार र शासनप्रति विश्वास गुमाएको प्रमुख रहेको छ । यसैकारण ठूलो सङ्ख्यामा युवाहरूको विदेश पलायन भइरहेको छ । एक अनुमान अनुसार बर्सेनि १३ लाख नेपाली विदेशिने गरेकोमा ३.५ लाख उतै बस्ने र ९.५ लाख जति फर्किने गरेको पाइएको छ। विश्व बैंकको रिपोर्ट अनुसार नेपालमा रोजगारको अवसरको अनुपलब्धता र विदेशको आकर्षक तलबका कारण पनि नेपालको आन्तरिक बजार सुक्दै गएको हो। त्यसैगरी शैक्षिक क्षेत्रको दुरवस्थाका कारण पनि गत वर्ष एक लाख १० हजार विद्यार्थी विदेशिएकामा यस वर्षको चैतसम्म ८५ हजारले एनओई लिंदा गत वर्षभन्दा बढी हुने अनुमान गरिएको छ। यसले गर्दा प्रतिमहीना ९–१० अर्ब रुपियाँ बाहिरिने गरेको राष्ट्र बैंकको तथ्याङ्कबाट देखिन्छ । एक अनुमान अनुसार अध्ययनका साथै भारत एवं खाडी मुलुकमा जाने युवाहरूको सङ्ख्या ६० लाख हाराहारी छ। भारत जानेहरू वर्षको एक दुईपल्ट आइरहने भए पनि खाडी जानेहरू छिटो आउन नसक्ने भएकाले आफूमाथि सबैभन्दा बढी खर्च गर्ने वर्ग नै बाहिर रहेकोले वस्तु र सेवाको प्रयोग घटिरहेको छ। यसकै कारण वस्तु एवं सेवाको उपयोग ११ प्रतिशत घटेको पाइएको छ भने आम जनताको पूँजीगत खर्च पनि ५.६ प्रतिशतले घटेको छ। यी सबका बावजूद पर्यटक सङ्ख्या पहिलो अर्धवार्षिकमा ४५.६ प्रतिशतले बढेको छ र विप्रेषण आय चालू आवको सात महीनामा २१.६ प्रतिशत र विदेशी मुद्राको सञ्चिति अहिलेसम्मकै सबभन्दा बढी रहेको छ । तर राष्ट्र बैंकले नै विकास निर्माणको कार्य नहुनु र आयात घटी हुनुले यस्तो भएको भनाइ सार्वजनिक गरेको छ। यस्तो अवस्थामा अर्थतन्त्रमा सुधार ल्याउन वा यसलाई पुरानो लयमा फर्काउन निर्यातयोग्य वस्तुको परिमाण बढाउनुपर्ने, पर्यटनलाई थप टेवा दिनुपर्ने र पिडिआई बढाउनुको विकल्प देखिन्न। तर जुन किसिमले राजनैतिक उठापटक देशमा चलिरहेको छ, त्यसबाट स्वदेशी तथा वैदेशिक लगानीकर्ता भित्र पनि संशयको स्थिति उत्पन्न गराएको छ । हाम्रो पुगनपुग ७० प्रतिशत व्यापार अहिले पनि भारतसँग नै रहेको छ तर त्यहाँ बहाल रहेको भाजपा सरकारको संरक्षणवादी नीतिका कारण नेपालमा प्राय: सबै वस्तुको मूल्यवृद्धि भएको छ। यसै अवस्थामा नेपालमा अचानक बनेको नयाँ गठबन्धनको सरकारलाई हेर्ने दृष्टिकोणमा देखिएको परिवर्तनले थप संशय उत्पन्न गरेको छ। भारतले वार्षिक विद्युत् खरीद सम्झौतालाई तीन महीनामा झारेर २४ घण्टाको सट्टा १२ घण्टामा झार्नु र परिमाणसमेत घटाउनुबाट निस्किरहेको कूटनैतिक सन्देश स्पष्ट छ र त्यो के हो भने नेपालमा वामपन्थी सरकार बन्नु भारतको लागि रुचिकर छैन। अर्कोतर्फ वामपन्थी सरकार बनेर पनि चीनले एमसिसीको अनुदानको शर्त औंल्याएर बिआरआईमा अनुदान वा न्यून ब्याजदर एवं बढी भुक्तानी अवधि माग गर्नुका साथै पोखरा विमानस्थलको ऋणको मिनाहा असान्दर्भिक भएको अप्रत्यक्ष सन्देश दिएर वामपन्थी सरकार बने पनि भारत र अमेरिकाको दबाबबाट मुक्त भई चीनको शर्त स्वीकार गरेर काम गर्नुपर्ने सन्देश दिएको छ । यस्तो अवस्थाले गर्दा अहिले नेपालमा भारतीय एवं चिनियाँ लगानी आउने सम्भावना न्यून हुँदै गएको छ। वस्तुत: विश्व बैंकको प्रतिवेदनले नेपालको पूँजीगत शीर्षकको खर्च दक्षिण एशियामैं सबभन्दा कम रहेकोले अत्यावश्यक पूर्वाधार र सहयोगी इकोसिस्टमको अभावमा नेपालमा it will be difficult for investor to come and invest in nepal अत्यन्त सान्दर्भिक छ र अब सरकारले राजनैतिक स्थिरता र पूँजीगत शीर्षकको खर्च वास्तविकरूपमा बढाउनेगरी काम गर्नुबाहेक तत्काल अर्को विकल्प देखिएको छैन ।

# खोजतलाश

**मन्तव्य**



**कुमार रुपाखेती**

**भनिन्छ, हिजो पञ्चायतकालमा राजाको हुकुम, हुकुमबाजीबाट चलेको यो मुलुक अहिले गणतन्त्रवादीहरूको हैकमवादी प्रवृत्तिबाट आजित र खुलेरै भन्ने हो भने छुटकारा नै चाहन्छन् । राजावादी र गणतन्त्रवादीहरूको असली नक्कली चेहरा छुट्याउन अब गाऱ्हो छैन ।**

### बाघ हेर्ने घाघहरू

संसारभरि पाइने पाटेबाघमध्ये १० प्रतिशत पाटेबाघ त हाम्रो सानो मुलुक नेपालमैं पाइन्छ । अचेल त बहुलाहा र भुस्याहा कुकुर मार्दासमेत जनावर अधिकारवादीहरूको कोपभाजनको शिकार बनिन्छ ।

संसारभरि रहेका करीब तीन हजार बाघमध्ये झन्डै तीन सय बढी बाघ त नेपालको ठुटे जङ्गलमैं विराजमान छन्। जङ्गलको राजा भनिने बाघ अचेल नेपालमा बेवारिसे बन्दै मरेको पाइन्छ। केही महीनायता आधा दर्जनभन्दा बढी बाघ कतै वन क्षेत्र परिसरमैं अकालमैं मृत्युको कोखमा पुगेको देखियो भने केही संरक्षण केन्द्रमा उपचारको क्रममा मरेको भनियो। नेपालमा अचेल मानवप्रेमीभन्दा जनावरप्रेमी बन्ने फेशन चलेको छ । जनावरको पक्षमा वकालत गर्दै भाषण



ठोकेपछि नेपालमा जनावरप्रेमीको बिल्ला पाइन्छ । यस्ता थोचे भाषणकर्तालाई जनावरको वास्तविक कहानी र समस्या भने पटक्कै थाहा हुँदैन। केही समययता बाघले मानवबस्तीमा प्रवेश गरेर जनधन र पशुको हानि गरिरहेको सुनिन्छ। यसरी बाघ मानवबस्तीमा पस्नुका प्रमुख दुईवटा कारण भएको बाघविज्ञहरू बताउँछन्। पहिलो कारण बाघको वासस्थान जङ्गलको अतिक्रमण हो। दोस्रो कारण बाघ दुर्बल र कमजोर अनि उमेर छिप्पिदै जाँदा जङ्गलमा दगुरेर, लखेटेर शिकार गर्न असमर्थ हुँदा कम मिहिनेतमा शिकार पाइने मानवबस्तीमा पस्ने, वस्तुभाउ र मान्छेमाथि आक्रमण गर्छ रे ।

शिकार गर्नु बाघको जन्मजात विशेषता हो भने शारीरिकरूपमा कमजोर बाघ सजिलै विनामेहनत शिकार पाउने मानवबस्तीमा उपस्थित हुन्छ। बाघ छिट्टै वयस्क हुन्छ, चार वर्षको बाघ त लक्का जवान र महान् शिकारी हुन्छ। बाघको सरदर आयु १५ वर्ष हुने विज्ञहरूको ठम्याइ छ तर खानपान, शिकार र शिकारीको समस्याले गर्दा नेपालका बाघहरू आफ्नो उमेरहद पाउनु अघि नै राम नाम सत्य हुन्छन्। जनावरले बाटो काट्दा पथलैया कोरिडोरको जङ्गल सडकको छेउमा गाडीको ठक्कर लागेर समेत बाघ घाइते भएका र मरेका छन्। शिकार गर्न असमर्थ बूढो बाघलाई विदेशतिर सुरक्षार्थ चिडियाखानामा राखिन्छ, सेवा गरिन्छ। तर हाम्रो मुलुकमा रहेको एकमात्र सदर चिडियाखाना जाउलाखेलमा भएका जनावरहरूको त खान नपाएर खस्ताहाल छ भने यस्ता बूढा, लुला बाघलाई कहाँ राख्ने ? बाघको जात नै लडाकू र आक्रामक हुन्छ। एकापसमा जुधेर घाइते हुने बाघ मर्ने कारणसमेत साँघुरिंदै गएको, अतिक्रमणमा परेको जङ्गल क्षेत्र नै हो। यसो त बाघलाई सर्कस, चिडियाखानामा थुनेर राख्नु पनि जेलजीवनसरह नै हो। भनिन्छ, पर्सा जिल्लाको वन क्षेत्रमैं करीब ५० वटा जति बाघ–बाघिनी छन् र यिनलाई आफ्नो नवजात डमरुलाई सुरक्षित हुर्काउन, बढाउन ठूलो समस्या छ रे । नेपालका जङ्गलमा अचेल बरु वयस्क बाघ भेटिने र डमरुहरू कम देखिन्छन् रे। बाघका घाघहरूमा खै कहिले चेतना पलाउँला ?

### गजब छ बा

आफ्नो बेलामा सूर्यबहादुर थापालाई अनुदार पञ्च भनिन्थ्यो। पञ्चायतकालमा पञ्चहरूलाई दुई श्रेणीमा विभाजित गरेका थिए प्रतिबन्धित दलहरूले । एकथरी पञ्चहरूलाई उदारवादी र सूर्यबहादुर थापा जस्ता महापञ्चलाई अनुदारवादी भनिन्थ्यो। यो पनि भनिन्थ्यो कि आफ्नो बेलामा सूर्यबहादुरले दरबार र काङ्ग्रेस दुवैलाई खेलाउँथे । शायद अनुदारवादी भएकोले नै अप्ठेरो बेलामा राजा महेन्द्र र राजा वीरेन्द्र दुवैले सूर्यबहादुरको प्रयोग गर्थे । सूर्यबहादुर भारतसँग बढी हिमचिम भएको, भारतपक्षीय भन्ने आरोपसमेत थियो । भारतपक्षीय भनिए पनि अचेलका नेता (प्रधानमन्त्री)झैं उनको दौडाहा दिल्ली थिएन । भनिन्छ, सेक्सन अफिसरको परीक्षामा सफल नभएपछि काङ्ग्रेस बनेका सूर्यबहादुर थापा राजा महेन्द्रको कानेफुसी र गुप्तगुपश्चात् अनुदारवादी पञ्चमा परिणत भए । यिनकै बेलामा भूमिगत गिरोहको बुख्याचा, ऐतिहासिक धरोहर मानिने मूर्तिहरूको चोरी तथा चर्चित बलात्कार काण्डहरूसमेत भए । बेला कुबेला यिनी र दरबारको टस्सर चर्चामा आउँथ्यो । यिनै सूर्यबहादुर थापाका छोरा सुनीलबहादुर थापाले राप्रपामा भविष्य नदेखेपछि नेपाली काङ्ग्रेसको दामन थामे र केन्द्रीय सदस्य बने ।

केही दिन अघि सूर्यबहादुरको नवौं स्मृति दिवस छोरा सुनीलले धूमधामले मनाए। शेरबहादुर देउवा यो कार्यक्रममा दलबलसहित हाजिर भए, भाषण ठोके। तर अचम्म शेरेले त सूर्यबहादुरको गुणगान नै गरे, उनलाई बहुआयामिक प्रतिभाको धनीसमेत भने । बहुदलवादी गुन लगाएको, बहुदल ल्याउन सहयोगी बनेकोसमेत भने । जबकि सूर्यबहादुरले बहुदल ल्याउन होइन, पञ्चायत स्थापित गर्न राजालाई मदत गरेको इतिहास छ। गजब छ बा।

तर शेरबहादुर थापाले अब राजा र राजतन्त्र नफर्कने ठोकुवा चै गरे। यस्तो ठोकुवा गर्नेमा प्रचण्ड, ओलीपछि देउवा हुन्। राजाले कल्याङमल्याङ गर्न थालेपछि हात, खुट्टा र मुख चलाउन थालेपछि 'चोरको खुट्टा काट् भन्दा चोरले खुट्टा तानेझैं' गणतन्त्रका मसिहाहरूलाई पसिना छुट्न थालिहाल्छ, रन्किन थालिहाल्छन्।

विभिन्नखाले चटक देखाएर पञ्चायतकालमा लामो समयसम्म पटकपटक प्रधानमन्त्री बनेका सूर्यबहादुर थापा बहुदल आए पनि चुप लागेर बसेनन्। उल्टै बहुदलेहरूको बुइँ चढेर फेरि प्रधानमन्त्री बन्न भ्याए । राजाको प्रधानमन्त्रीबाट जनताको प्रधानमन्त्री बनेर समेत यिनले बहुदलेलाई कज्याएको इतिहास साक्षी छ । तर नवौं स्मृति दिवसमा देउवाले जसरी सुवथाको गुणगान गरे त्यो देख्दा यस्तो लाग्यो कि काङ्ग्रेसभित्र विराजमान हिन्दुवादी, राजावादी तप्का अब बलियो भइसकेको छ। आज सूर्यबहादुर थापाको स्तुतिगान गर्नेहरूले भोलि ज्ञानेन्द्र वीर विक्रम शाहको गुणगान गर्ने छैनन् भनेर कसरी विश्वास गर्ने ? हिजो काङ्ग्रेसको खेत बाँझो बनाएर राजाको अक्षम प्रधानमन्त्री बनेका देउवाबाट भविष्यमा राजा महाराजाको गुणगान गर्न के बेर ?

भनिन्छ, हिजो पञ्चायतकालमा राजाको हुकुम, हुकुमबाजीबाट चलेको यो मुलुक अहिले गणतन्त्रवादीहरूको हैकमवादी प्रवृत्तिबाट आजित र खुलेरै भन्ने हो भने छुटकारा नै चाहन्छन् । राजावादी र गणतन्त्रवादीहरूको असली नक्कली चेहरा छुट्याउन अब गाऱ्हो छैन। बस 'गोरे गोरे मुखडे पे काला काला चश्मा'को मात्रै फरक रहेछ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# कानुनको सफल कार्यान्वयनबाट मात्रै सुशासनः प्रधानमन्त्री

काठमाडौं, ४ वैशाख/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कानूनको सफल कार्यान्वयनबाट मात्रै देशमा सुशासनको प्रत्याभूति गर्न सकिने बताएका छन् ।




रणनीतिक तथा सामाजिक–आर्थिक अनुसन्धानका लागि संस्था (आइएसएसआर)ले मङ्गलवार आयोजना गरेको 'सुशासनका चुनौती र सरकारको आगामी कार्यदिशा' विषयक कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले देशलाई सुशासन र समृद्धिको बाटोमा अगाडि बढाउन कानून कार्यान्वयनको पाटोलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिए ।

मुलुकको समग्र विकास, नागरिकको हित अभिवृद्धि र सुशासन कायम गर्न भ्रष्टाचार नियन्त्रण अपरिहार्य रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायलाई कानून, जनशक्ति, स्रोत र साधनसहित अधिकारसम्पन्न बनाइ सदाचार प्रत्याभूति गर्ने अवस्था सिर्जना गरिने बताए ।

"भ्रष्टाचारसँग जोडिएका विषयको छानबीन र अनुसन्धान गरी कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीमाथि कानूनी कारबाई अगाडि बढाउन सरकार प्रतिबद्ध छ," प्रधानमन्त्री प्रचण्डले भने, "वर्तमान सरकारको प्रमुख प्राथमिकता छन्, सुशासन, सामाजिक न्याय र समृद्धि हो, त्यसमध्ये सुशासन कायम गर्ने प्रश्नलाई सबैभन्दा अग्रभाग राखेर सोहीअनुरूप कार्यान्वयनको प्रक्रिया पनि अगाडि बढिरहेकै छ ।"

उनले भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने राज्यको नीतिलाई व्यवहारमा रूपान्तरण गर्न तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चारजगत् एवं आम नागरिक सबैसँग निरन्तर समन्वय, सहयोग र सहकार्य अपरिहार्य रहेको बताए ।

"कानूनको सफल कार्यान्वयनबाट मात्र राज्य व्यवस्था सही ढङ्गले सञ्चालन हुन्छ," प्रधानमन्त्री प्रचण्डले भने, "संविधानले अङ्गीकार गरेका मूल्य–मान्यताहरू तथा प्रत्याभूति गरेका हकअधिकारका सम्बन्धमा कानूनहरू निर्माण भएर कार्यान्वयन भइरहेका छन् । ती सबै कानून कार्यान्वयन गर्दै देशलाई सुशासन र समृद्धिको यात्रामा डोर्‍याउन आवश्यक छ ।"

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेशसँगै नीतिगत र कानूनी क्षेत्रमा समेत ठूलो रूपान्तरण आवश्यक हुने बताउँदै प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय सङ्कल्प र आवश्यकताबमोजिम सङ्घीय ऐनहरू जारी गर्न सरकार लागिपरेको स्पष्ट पारे ।

उनले भने, "संसद्मा प्रतिनिधित्व गर्ने सबै दलसँग सघन संवादका माध्यमबाट आवश्यक कानूनहरूको निर्माण एवं संशोधनको प्रक्रिया अगाडि बढाउन सरकारले आवश्यक तयारी गरिरहेको छ ।"

सुशासनको प्रत्याभूतिका निम्ति दण्ड र पुरस्कारको वैज्ञानिक नीति, मापदण्ड र कार्यान्वयन जरुरी पर्ने बताउँदै प्रधानमन्त्री प्रचण्डले विकास आयोजनाहरूमा राम्रा गर्नेहरूलाई पुरस्कृत र गलत गर्नेहरूलाई दण्डित गर्ने नीति, योजना र कार्यक्रमबाट सुशासन स्थापित गर्दै विकास आयोजनाको कामलाई तीव्रता दिने प्रक्रियामा अगाडि बढेको जानकारी दिए ।

उनले भने, "विकास आयोजनाहरूमा

(बाँकी पाँचौं पातामा)

# नेप्से परिसूचक मङ्गलवार पनि ओरालो लाग्यो

काठमाडौं, ४ वैशाख/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार पनि ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १४ दशमलव ८१ अङ्कले ओरालो लागेर एक हजार ९९१ दशमलव ७१ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव २६ अङ्कले ओरालो लागेर ३५३ दशमलव ५१ मा सीमित भएको छ । कारोबार भएका कुल १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ ।

नेप्सेका अनुसार कुल ५४ लाख ७१ हजार ६८ कित्ता शेयर रु दुई अर्ब १० करोड ३० लाख १९ हजार २१८ मूल्यमा कारोबार भएको छ । कारोबारका आधारमा गुर्खाज फाइनान्स शीर्ष स्थानमा छ ।

सो कम्पनीको रु १७ करोड ५९ लाख ७८ हजार १६३ बराबरको कारोबार भएको छ ।

सूर्यज्योति लाइफ इन्स्योरेन्स रु सात करोड ४३ लाख ५३ हजार ५७२, पोखरा फाइनान्स रु छ करोड ६८ लाख ९८ हजार २१४, सर्वोत्तम सिमेन्ट रु चार करोड ५९ लाख ८१ हजार ४३४ र शिवम् सिमेन्ट रु चार करोड ४७ लाख ४३ हजार ७०७ बराबर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

एसबिएस ऋणपत्र नौ दशमलव ९९, गोर्खाज फाइनान्स नौ दशमलव ९६, सिभिल बैंकको ऋणपत्र आठ दशमलव १९, ग्रीन डेभलपमेन्ट बैंक पाँच दशमलव शून्य दुई र दिव्यश्वरी हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव शून्य चार प्रतिशतले कमाएका नेप्सेले जनाएको छ ।

त्यस्तै, रुरु जलविद्युत् परियोजना १०, पोखरा फाइनान्स छ दशमलव ७४, सिवाइसी नेपाल लघुवित्त छ दशमलव ५०, डोल्टी पावर पाँच दशमलव ६० र जनउत्थान सामुदायिक लघुवित्तका लगानीकर्ताले पाँच दशमलव शून्य छ प्रतिशतले गुमाएका छन् ।

# तोलामा १७ सयले बढ्यो सुनको मूल्य

काठमाडौं, ४ वैशाख/रासस

स्थानीय बजारमा पहेंलो धातु (सुन)को मूल्य मङ्गलवार प्रतितोला रु एक हजार सात सयले उकालो लागेर कीर्तिमान कायम गरेको छ । लगातार उकालो लागेको सुनको मूल्य आजको वृद्धिपछि हालसम्मकै उच्च बिन्दुमा पुगेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाल सुन सोमवारको तुलनामा रु एक हजार सात सयले उकालो लागेर रु एक लाख ३९ हजार दुई सय निर्धारण भएको छ । तेजाबी सुन आज प्रतितोला रु एक लाख ३८ हजार ५५० निर्धारण भएको छ ।

त्यस्तै, चाँदीको मूल्य प्रतितोला रु एक हजार ७५० निर्धारण भएको महासङ्घले जनाएको छ ।



**सेतो मच्छिन्द्रनाथ रथ निर्माण गर्दैः** काठमाडौंको दरबारमार्ग तीनधार पाठशालास्थित मङ्गलवार वर्षा र सहकालका देवता सेतो मच्छिन्द्रनाथको रथ निर्माण गर्दै । उक्त रथ घण्टाघर, रत्नपार्क, भोटाहिटी हुँदै असनसम्म पुर्‍याइने भएको छ । तस्बिरः हरिराम भेटुवाल/रासस

# जरिवाना तिर्न ट्राफिक कार्यालय जानुपर्ने बाध्यता हट्दै

काठमाडौं, ४ वैशाख/रासस

ट्राफिक नियम उल्लङ्घनबापत जरिवाना तिर्न सेवाग्राहीलाई ट्राफिक कार्यालयसम्म पुग्नुपर्ने बाध्यता बिस्तारै हट्दै गएको छ । ट्राफिक प्रहरीले प्रविधियुक्त प्रणाली प्रयोगमा ल्याएसँगै अभिलेख सङ्कलन गरी कारबाई गर्न सहज भएको जनाएको छ ।

ट्राफिक नियम उल्लङ्घन र ट्राफिक जरिवाना भुक्तानीसम्बन्धी प्रणाली प्रयोगमा आएपछि उक्त झन्झटबाट सेवाग्राही मुक्त हुँदै गएका काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले बताए ।

"उक्त प्रणालीमार्फत ट्राफिक प्रहरीले विभिन्न ट्राफिक नियम उल्लङ्घन गरेबापत जारी गर्ने चिट र कारबाईको विवरण अभिलेखमा राख्छ । कति जरिवाना तिर्नुपर्ने हो, यस प्रणालीले स्वचालितरूपमा निर्धारण गर्छ । पटके कसूरको विवरण पनि यस प्रणालीले आफैं हिसाब राख्छ," उनले भने ।

नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले भने, "नेपाल प्रहरी कार्ययोजना, २०८० ले व्यवस्था गरेको प्रविधिमैत्री सेवाको संस्थागत विकास गर्ने लक्ष्यअनुरूप आधुनिक प्रविधिको प्रयोगमार्फत प्रहरी सेवालाई थप चुस्त बनाउन उक्त प्रणाली महत्त्वपूर्ण बनेको छ ।" उनका अनुसार हालसम्म ४५ जिल्लामा यो प्रणाली कार्यान्वयनमा आएको छ ।

प्रणालीले ट्राफिक जरिवाना असुल गर्न र सेवाग्राहीलाई झन्झटमुक्त सेवा प्रदान गर्न सहजीकरण गर्ने अपेक्षा प्रहरीले गरेको छ । धेरै अघिदेखि शुरू गरिएको टिभिआरएस प्रणाली समयानुकूल परिमार्जन गर्दै आर्थिक वर्ष २०७६/७७ देखि हालको अवस्थामा काठमाडौं उपत्यकामा उक्त प्रणाली सञ्चालनमा आएको हो ।




आर्थिक वर्ष २०७६/७७ देखि हालसम्म ३१ लाख ४७ हजार ९५३ वटा ट्राफिक नियम उल्लङ्घनका घटना यस प्रणालीमा दर्ता भएका छन् । जसबाट कुल रु दुई अर्ब ३३ करोड दुई लाख २८ हजार ९६४ राजस्व सङ्कलन भएको प्रहरीले जनाएको छ । प्रणाली सञ्चालनसँगै सर्वसाधारणले ट्राफिक जरिवाना पारदर्शीरूपमा सहजै तिर्न पाएका छन् ।

टिभिआरएस प्रणालीको विकास र अनुगमन नेपाल प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशनालयले गर्दै आएको छ । निर्देशनालयका प्रमुख प्रहरी नायब महानिरीक्षक अरुणकुमार भण्डारीले सेवाग्राहीको सहजताका लागि यो प्रणालीको विकास गरिएको भन्दै यसको सफ्टवेयरले ट्राफिक नियम उल्लङ्घन गर्नेको नाम, सवारीसाधनको नम्बर र कसूरको प्रकार ट्र्याक राख्ने जानकारी दिए ।

ट्राफिक प्रहरीले सवारी तथा यातायात व्यवस्था नियमावली अनुसार विभिन्न नियम उल्लङ्घन गर्ने व्यक्तिलाई जरिवाना तथा कारबाई गर्छ । कारबाईमा परेका व्यक्तिको चिट नम्बर र लाइसेन्स नम्बर, ब्ल्यू बूक, नाम र अन्य विवरण प्रविष्ट गरिन्छ । कारबाईमा परेका व्यक्तिले अनलाइनमार्फत वा सम्बन्धित राजस्व खाता भएको बैंकको शाखामा गई जरिवानाबापतको राजस्व रकम भुक्तान गर्न सक्नेछन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले यस प्रणालीले ट्राफिक कारबाई गर्न पटके हो वा होइन हेर्न सजिलो बनाएको बताए । उनका अनुसार सेवाग्राहीलाई पनि आफ्नो अभिलेख कहाँ छ र कसरी लिने भन्ने सजिलै थाहा पाउन सकिने बनाएको छ ।

# आठ लाखभन्दा बढीलाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइने

बरहथवा (सर्लाही), ४ चैत/रासस

सर्लाहीमा आठ लाखभन्दा बढीलाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइने भएको छ । मङ्गलवार स्वास्थ्य कार्यालय सर्लाहीमा आयोजित हात्तीपाइले रोगविरुद्धको औषधिसेवन अभियानको जिल्लास्तरीय अन्तर्क्रियामा उक्त जानकारी दिइयो ।

जिल्लाभरिबाट दुई वर्ष उमेर समूहभन्दा माथिका आठ लाख २४ हजार ६७१ जनालाई हात्तीपाइलेविरुद्धको औषधिसेवन गराउन लागिएको कार्यालय प्रमुख डा नवलकिशोर झाले जानकारी दिए ।

राष्ट्रव्यापी कार्यक्रम अन्तर्गत यही वैशाख १६ देखि २९ गतेसम्म अभियान सञ्चालन गरिने भएको छ । अभियानमा ५२५ जना स्वास्थ्यकर्मी र एक हजार ३२६ जना महिला स्वास्थ्य स्वयंसेविका गाउँगाउँमा परिचालन गरिने स्वास्थ्य कार्यालयले जनाएको छ ।

स्वास्थ्य कार्यालय सर्लाहीका अनुसार गत वर्ष पनि यस जिल्लामा सात लाख ६२ हजार ६८४ जनालाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइएको थियो । गर्भवती, सात दिनसम्मका सुत्केरी, गम्भीर किसिमका बिमारीलगायतले भने यो औषधिसेवन गर्न नहुने डा झाको भनाइ छ । हात्तीपाइले रोगबाट बच्न अन्य सबैले अनिवार्यरूपमा औषधिसेवन गर्नुपर्ने उनको भनाइ छ ।

औषधिसेवनका क्रममा जिल्लामा अहिलेसम्म कुनै किसिमको गम्भीर समस्या नदेखिएकाले निर्धक्क भएर अभियानमा सहभागी भई औषधिसेवन गर्न सबैमा स्वास्थ्य कार्यालय सर्लाहीले आग्रह गरेको छ ।

जिल्लाका शतप्रतिशतलाई औषधि खुवाउने लक्ष्य रहेको स्वास्थ्य कार्यालय सर्लाहीले जनाएको हो । यो अभियान अन्तर्गत देशभरिका सात जिल्लामा औषधि खुवाउन लागिएको हो । त्यसमध्ये मधेसमा सर्लाहीसहित चार जिल्लामा यो अभियान सञ्चालन गरिएको छ ।

# वन्यजन्तु सप्ताहः सामुदायिक वनमा चरा अवलोकन

भरतपुर, ४ वैशाख/रासस

२९औं वन्यजन्तु सप्ताह अन्तर्गत सोमवार चितवनमा चरा अवलोकन गरिएको छ । सामुदायिक वनमा चराको अवस्था पत्ता लगाउन सौराहाको जनकौली मध्यवर्ती सामुदायिक वनमा चरा अवलोकन गरिएको हो ।

चराको अवस्था अध्ययन गर्नाका साथै संरक्षणकर्मीहरूलाई चरा संरक्षणमा भएका प्रयास र प्रजातिको बारेका जानकारी दिइएको बर्ड एजुकेशन सोसाइटीका पूर्वअध्यक्ष वासु बिंडारीले बताए । उनका हनुसार यहाँका सामुदायिक वनमा पनि चराको राम्रो बासस्थान भएका क्षेत्र छन् । चितवनमा रहेका ६५५ प्रजातिमध्ये ५० प्रतिशत प्रजाति जनकौली सामुदायिक वनमा रहेका बिंडारीले जानकारी दिए ।

ओझेलमा रहेका जनकौली वनको प्रचारप्रसार र पर्यापर्यटनको विकासका लागि दबाब सृजना गर्न वन्यजन्तु सप्ताहको अवसर पारेर चरा अवलोकन कार्यक्रम राखिएको बर्ड एजुकेशन सोसाइटीका अध्यक्ष टीका गिरीले बताए ।

मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समूहका अध्यक्ष दुर्गाप्रसाद घिमिरेले सौराहाको काखैमा रहेको जनकौली वनमा पर्यापर्यटनको विकास गर्न नसकिएकामा चिन्ता व्यक्त गरे । चराको राम्रो बासस्थान रहेको जनकौलीमा पर्यटक आकर्षित गर्ने गतिविधि आवश्यक रहेको उनले बताए ।




घिमिरेले पर्यटकलाई डुङ्गा सयर गराइरहेको जनकौलीमा निकट भविष्यमा जीप सफारी सञ्चालन गरी उपभोक्ताको जीविकोपार्जनको आधार तयार गरिने उल्लेख गरे ।

जनकौली वनका अध्यक्ष जोगेन्द्र महतोले यस वनमा चराको राम्रो बासस्थान रहेकाले यसको संरक्षण र प्रवर्द्धनमा जोड दिनुपर्ने बताए । अन्य देशबाट आउने चराहरूले जनकौलीमैं बच्चा जन्माएर फर्किने गरेका उनको भनाइ छ ।

जनकौली मध्यवर्ती सामुदायिक वनको आयोजना तथा चितवन राष्ट्रिय निकुञ्ज, मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समिति, बर्ड एजुकेशन सोसाइटी सौराहा र नेचर गाइड एशोसिएशन सौराहाको सहकार्यमा आवश्यक उपकरणको प्रयोग गरी चरा अवलोकन गरिएको थियो ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत आज वन्यजन्तु संरक्षणमूलक विद्यालयस्तरीय चित्रकला प्रतियोगिता, वन्यजन्तु र मानिसबीचको सहअस्तित्वसम्बन्धी विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता, भोलि डुङ्गा सयर, वैशाख ६ गते वन, वन्यजन्तु र वातावरण संरक्षणमूलक सचेतना र्‍याली गरिने आयोजकले जनाएको छ ।

# अन्तर्राष्ट्रिय मञ्चमा जलवायु परिवर्तनको असरबारे छलफल भएको वर्ष

प्रगति ढकाल
काठमाडौं, ३ वैशाख ⁄ रासस

युनाइटेड अरब इमिरेट्स (युएई)को दुबईमा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २८औं सम्मेलनमा नेपालले पनि चर्चा पायो ।

'वर्ल्ड क्लाइमेट एक्सन समिट'को उद्घाटन सत्रमा सम्बोधन गरेका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनिओ गुटेरेसले जलवायु परिवर्तनका कारण नेपालमा परेको प्रभावको चर्चा गरे । उनले भने, "म केही समयअघि मात्रै नेपाल भ्रमणमा थिएँ । नेपालका पग्लिरहेका हिमाललाई मैले नजीकबाट साक्षात्कार गर्न पाएँ । नेपालका हिमालमा जस्तै समस्या एन्टार्टिकामा पनि छ । यी दुवै क्षेत्र भूगोलका हिसाबले टाढा छन् तर जलवायुको हिसाबले समान सङ्कटमा छन् ।"

उनले नेपालको नाम लिंदै विश्वमा पछिल्लो समय बढ्दै गइरहेको तापमानका कारण हिमाल पग्लिरहेको उल्लेख गरे । नेपाल भ्रमणका क्रममा सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रलाई नजीकबाट नियालेका उनले हिमालमा परेको जलवायु परिवर्तनबारे विश्व समुदायसामु खुलेरै कुरा राखे ।

उनको सम्बोधनपछि नेपालले लामो समयदेखि उठान गर्न खोजिरहेको र भोगिरहेको समस्यामा विश्वको ध्यानाकर्षण भयो । झन्डै १९२ देशका उच्चस्तरीय व्यक्तित्व, राजनीतिक दल र सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि, जलवायुविद् तथा पत्रकारलगायतको उल्लेख्य सहभागितामा जलवायु परिवर्तनले नेपालका विभिन्न क्षेत्रमा पारेको असरले चर्चा पायो ।

गुटेरेसले विश्वस्तरमा नेपालको चर्चा मात्रै गरेनन् जलवायु सङ्कटको विषय महत्त्वका साथ उठान गरेर जलवायु न्यायका लागि नेपालका तर्फबाट पनि आवाज उठाएका थिए । यसले चर्चा र परिचर्चाका साथै आगामी रणनीति बनाउन सहयोग पुग्नेछ ।

महासचिव गुटेरेसले नेपाल भ्रमणमा रहेको बेलामा हिमालयबाट बगेका नदीहरूले एक अर्बभन्दा बढी मानिसलाई स्वच्छ पानी प्रदान गरिरहेको भन्दै हिमालको प्रशंसासमेत गरेका थिए । यस्ता हिमनदी पग्लिएमा पानीको स्रोत सङ्कटमा पर्न सक्ने भन्दै उनले दिएको अभिव्यक्तिले पनि यो वर्ष मुख्य चर्चा पायो ।

जलवायु सङ्कटका कारण लाखौं मानिस बसाइँ सर्नुपर्ने अवस्था आउने र मानवजीवनमा पानी र जमीनका लागि ठूलो प्रतिस्पर्धा हुने खतरा रहेको उनको भनाइ थियो । यसैगरी, गुटेरेसले जलवायु परिवर्तनका कारण नेपाललाई अन्यायपूर्ण भएको बताएका थिए । संसद्मा सम्बोधन गर्ने क्रममा पनि नेपालले भोगेको जलवायु परिवर्तनको असरको चर्चा गरिरहँदा राजनीतिकस्तरमा नै जनचेतना जगाइरहेको थियो ।

गत मङ्सिरमा नेपालले जलवायु सम्मेलन आयोजना गरेको थियो । उक्त सम्मेलनमा स्पष्ट 'रोडम्याप' र रणनीतिसहित राष्ट्रिय अनुकूलन योजना कार्यान्वयन दिशानिर्देशहरू अनावरण भएका थिए ।

जलवायु परिवर्तनको डरलाग्दो सङ्कटका कारण नेपालले पहिरो, बाढी, वन डढेलो, खडेरीआदि जस्ता जलवायुजन्य प्रकोपको सामना गरिरहेको छ ।

विगतमा वन तथा वातावरण मन्त्रालय र जलवायुविद्हरूको मात्रै मुद्दाका रूपमा हेरिएको जलवायुको मुद्दा आज सरकारप्रमुखदेखि नै अन्य अन्तरसरकारी निकायका प्रतिनिधिहरूको साझा एजेन्डा बन्दै गइरहेको छ । राजनीतिक दलको पनि चासो र चिन्ता बढ्दै गइरहेको छ । जसले गर्दा विसं २०८० जलवायुको दृष्टिकोणले बढी चर्चामा आएको वर्ष रह्यो ।

हरेक वर्ष हुने कोप सम्मेलनमा नेपालले लगेको कतिपय मुद्दा कोपमा समाहित हुँदैन, जब मुलुकको हितका निम्ति उठाइएका त्यस्ता एजेन्डाहरू समाहित गरिंदैन, प्रतिनिधिहरू निराशा भएर फर्किएका उदाहरण पनि विगतमा नभएका होइनन् ।


कोपमा नेपालले उठाउने विषय नै जलवायु न्यायसम्बन्धी हुने गर्छ । नेपालजस्ता विकासोन्मुख मुलुकहरूले कार्बन उत्सर्जन गराउनका लागि नगण्य भूमिका खलिरहेका हुन्छन् तर जलवायु परिवर्तनका कारण हिमालको हिउँ पग्लिरहेको छ । यस्तै हुँदै जाने हो भने कालान्तारमा हाम्रा भावी पुस्तालाई हिमालमा हिउँ थियो भन्ने कुरा केवल एकादेशको कथा मात्रै लाग्न सक्छ । हिमाल बचाउन नेपालले थालेको पहल र अन्तर्राष्ट्रियस्तरमा गरिएको प्रयास प्रशंसनीय छ ।

**कोपमा पहिलोपटक हिमालको मुद्दा**

डेढ दशकदेखि नेपालले हिमालको मुद्दा उठाउँदै आइरहेको थियो । निरन्तररूपमा उठाएका मुद्दा कोपमा समावेश होला भन्ने आशा हुन्थ्यो तर हिमालका 'एजेन्डा'ले कुनै प्राथमिकता नै पाउन सक्दैनथ्यो । जलवायु परिवर्तनका कारण हिमालमा हिउँ नै बाँकी नरहने भयो । अब सबै हिमाल कालापत्थरमा परिणत हुने हो कि भन्ने चिन्ता र चासो उत्तिकै रहेको छ सरोकारवालाहरूमा ।

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा सम्पन्न भएको १५औं कोपमा भाग दिन तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नेपाली प्रतिनिधि टोली सहभागी भएको थियो । त्यस बेलादेखि नै नेपालले हिमालको मुद्दालाई प्राथमिकता दिएर मुख्य एजेन्डास्वरूप कोपमा लिएर जाने गरेको थियो ।

पहिलोपटक जलवायुले हिमालमा पारेको असर कोप-२८ निर्णायका दस्तावेजमा समावेश गरिएसँगै नेपालका



लागि यो महत्त्वपूर्ण र ऐतिहासिक निर्णय भएको टिपपणी गर्छन्, जलवायुविद् मञ्जीत ढकाल । यसले वर्षौंदेखि सफल हुन नसकेको नेपालको लक्ष्य पूरा भएको छ । हिमालको एजेन्डाले पाएको प्राथमिकतासँगै चर्चा पनि पायो ।

**मुख्य उपलब्धिहरू**

वन तथा वातावरण मन्त्रालय अन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा बुद्धिसागर पौडेल जलवायु परिवर्तनको क्षेत्रमा २०८० उपलब्धिमूलक रहेको बताउँछन् । युएन महासचिवको नेपाल भ्रमण, कोपमा उपस्थित हुनुअघि नेपालले गरेको पूर्वतयारी, कोपमा प्रस्तुत एजेन्डा, पर्वतीय क्षेत्रका मुद्दा समावेश हुनुले यस वर्ष जलवायु परिवर्तनको मुद्दाले चर्चा पाउनु नै उपलब्धिमूलक रहेको उनको बुझाइ छ ।

जलवायुविद् डा धर्मराज उप्रेतीले पनि कोपमा भएको सहमति नै २०८० को अर्को महत्त्वपूर्ण उपलब्धि रहेको बताए । "त्यो भनेको अब पृथ्वीलाई बचाउन विश्व समुदायले गर्नुपर्ने कामहरू के के हुन् ? जलवायु परिवर्तनका कारण पहिचान गर्न, जैविक ऊर्जाको प्रयोगलाई कसरी घटाउँदै लैजाने भन्ने महत्त्वपूर्ण निर्णय भएको छ । सबै खालको जैविक ऊर्जा, तेल, ग्याँस र कोइला तीनै खालका जैविक ऊर्जा घटाउनका लागि र हटाउँदै लैजाने सहमति महत्त्वपूर्ण छन्," उनले भने ।

उनका अनुसार सो सहमति कार्यान्वयनले पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियस बढ्न नदिने प्रतिबद्धता कार्यान्वयनमा यसले भूमिका खेल्नेछ । जलवायु परिवर्तनका कारण पर्वतीय पारिस्थितिकीय प्रणाली बढी जोखिममा छ । पर्वतीय क्षेत्रको मुद्दालाई पनि यसपालिको जलवायु सम्मेलनले समेटेपछि नेपालमा यस विषयमा संवाद आयोजनाको निर्णय पनि २०८० मैं भएको थियो । यो पनि अर्को महत्त्वपूर्ण उपलब्धि भएको उप्रेतीको भनाइ छ ।

२०८० मा नै जलवायु विधेयक मस्यौदाका रूपमा संसद्मा पेश भएको छ । पूर्वसूचना प्रणालीलाई समेत समेट्ने गरी ऐन ल्याउने निर्णय पनि २०८० मा नै भएको छ । सबैका लागि पूर्वसूचना प्रणालीमा नेपाल छानिएको छ । नेपाल छानिनुमा नेपालका लागि सुखद पक्ष हो ।

विपत्का तथ्याङ्क बुझ्ने पूर्वाधार नेपालमा आउँदै छ । विश्व मौसम सङ्गठनले नेपाललाई पहिलो स्थानमा राखेको छ, जसले गर्दा हाम्रो हिमाली क्षेत्रमा जलवायुको असर, यसले पारिस्थितिकीय प्रणालीमा पुऱ्याएको असर कस्तो छ ? जैविक विविधमा पुगेको असर न्यूनीकरणमा सहयोग पुग्नेछ ।

सन् २०२७ सम्म सबैका लागि पूर्वसूचना भन्ने योजना तय हुनु २०८० को महत्त्वपूर्ण उपलब्धि भएको जानकारको बुझाइ छ तर कार्यान्वयनको पक्ष फितलो रहेको भन्दै विज्ञहरूको गुनासो छ । जलवायु वित्तको प्रभावकारीरूपमा परिचालन हुनुपर्नेमा विज्ञहरू सुझाव रहेको छ ।

**पर्वतीय क्षेत्र र जलवायुसम्बन्धी संवाद हुँदै**

जलवायु परिवर्तनको असरका कारणले पर्वतीय क्षेत्रको पारिस्थितिकीय प्रणाली, जनजीवन र जैविक विविधतामा परिरहेको नकारात्मक असरबारे नेपालले सन् २००९ देखि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलनलगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा आवाज उठाउँदै आइरहेको छ ।

यसै सन्दर्भमा गत कोप २८ ले पहिलोपटक पर्वतीय क्षेत्रमा परेको जलवायु सङ्कटबारे निर्णय लिंदै आगामी जूनमा हुने संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि (युएनएफसिसिसी) अन्तर्गतको वैज्ञानिक र प्राविधिक सल्लाहकारका लागि सहायक निकाय (एसबिएसटिए) को ६०औं बैठकमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवाद आयोजना एसबिएसटिएलाई निर्देशन दिने निर्णय वन तथा वातावरण मन्त्रालयको भएको छ ।

यसै सन्दर्भमा पर्वतीय क्षेत्रको मुद्दामा सबै पर्वतीय राष्ट्रहरूको समान धारणा कायम गरी आगामी दिनहरूमा सोसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहललाई थप प्रभावकारी बनाउन आगामी मे २२ र २३ मा नेपाललगायत अन्न पर्वतीय मुलुकका प्रतिनिधि, विषय विज्ञ एवं साझेदार संस्थाहरू सम्मिलित पर्वतीय क्षेत्र, मानिस र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवादको आयोजना गर्न लागिएको वन तथा वातावरण मन्त्रालयका सहसचिव डा महेश्वर ढकालको भनाइ छ ।




**सडकछेउमा नाङ्लो व्यापारः** पृथ्वी राजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ मार्किचोकको सडक घुम्तीमा नाङ्लो व्यापार गर्दै सर्वसाधारण । यहाँ बुनिएको नाङ्लो चितवन, विराटनगर, वीरगंज, नेपालगंजसम्म बिक्रीका लागि पठाइन्छ । तस्बिरः मिला दरै ⁄ रासस

## फरक समाचार

# स्क्रिन टाइम कसरी कम गर्ने ?

आजको डिजिटल युगमा स्मार्टफोन र कम्प्युटर हाम्रो जीवनको महत्त्वपूर्ण हिस्सा बनेको छ । महत्त्वपूर्ण कार्यहरूको लागि यो ठीक छ, तर हामी व्यर्थका कुराहरू हेर्दा स्क्रिनमा धेरै समय खर्च गर्छौं ।

यसो गर्नु स्वास्थ्यका लागि खतरनाक हुन्छ, किनकि स्क्रिनबाट निस्कने नीलो



प्रकाशले आँखा थकित बनाउँछ । जसले गर्दा सुत्न समस्या र मानसिक थकान जस्ता समस्या हुन सक्छ ।

फोनमा समय बिताउँदा धेरै काम बाँकी रहन्छ । मोबाइल फोनले व्यक्तिगत आत्मविकास धेरै हदसम्म सीमित गरेको छ । फोन हेर्ने लतका कारण बालबालिका पढाइमा ध्यान दिन सकिरहेका छैनन् । यदि तपाईं आफ्ना वा बालबालिकाको स्क्रिन समय कम गर्न चाहनुहुन्छ भने निम्न टिप्सहरू प्रभावकारी हुन सक्छन् ।

**बाथरूममा फोन नलैजानुस्**ः धेरैजना बाथरूममा समेत मोबाइल लिएर जान्छन् । स्वच्छताको दृष्टिकोणबाट गलत हुनुको अलावा यसले तपाईंको स्क्रिन समय बढाउन पनि मदत गर्दछ । बाथरूम जाँदा फोन कोठामा छोड्नुहोस् । यस्तो गर्दा बाथरूममा तपाईंले कम समय बिताउनुहुन्छ र तपाईंको स्क्रिन टाइम पनि कम हुन्छ ।

**अनावश्यक अनुप्रयोगहरू मेटाउनुहोस्**ः फोनमा यस्ता धेरै एप्स छन्, जसको कुनै आवश्यकता हुँदैन । अनावश्यक एपहरू डिलिट गर्दा स्क्रिन टाइम घटाउन मदत पुग्छ ।

**ग्रेस्केल सेट गर्नुहोस्**ः आइओएस र एन्ड्रोइड दुवैले फोनको डिस्प्ले खैरो रङमा परिवर्तन गर्ने सुविधा दिएको छ । यसो गर्दा स्क्रिनबाट सबै आकर्षक रङ्गहरू गायब हुन्छन्, जसले तपाईंको फोनको लालसा कम गर्न धेरै मदत गर्छ ।

**एप नोटिफिकेशन बन्द राख्नुहोस्**ः प्रायः मानिस नोटिफिकेशनको कारण फोन प्रयोग गर्छन् । यस्तो अवस्थामा तपाईंले धेरै समय बिताएको कुनै पनि एपको नोटिफिकेशन अफ गर्नुपर्छ ।

**प्रविधिमुक्त क्षेत्र सिर्जना गर्नुहोस्**ः घरमा फोन वा ल्यापटप प्रयोग नगर्ने ठाउँ बनाउनुहोस् जस्तै, खाने टेबल वा शयनकक्ष । यसले परिवारसँग खान, पिउन र कुराकानी गर्न पनि मदत गर्नेछ ।

फोनबाहेक अन्य धेरै शोखहरू छन् जस्तैः चित्रकला, सङ्गीत, किताब पढ्ने वा साथीहरूलाई भेट्नेजस्ता कार्य गरेर समय बिताउँदा स्क्रिन समय पनि कम हुन्छ ।

# स्मार्टफोन गर्मीमा धेरै तातो हुन्छ ?

गर्मीयाम आइसक्दा र यससँगै तपाईंको स्मार्टफोन (एन्ड्रोइड होस् वा आइफोन) ओभरहिटिङ हुने जोखिम पनि बढेको छ । फोन अत्यधिक तातो भएपछि विभिन्न समस्या हुने गर्छ । यसका कारण फोन ढिलो चल्छ र ब्याट्री पनि बिग्रन सक्छ । गर्मीमा फोनलाई चीसो राख्ने सजिलो उपाय गर्नुपर्छ ।

**फोन खल्तीमा नराख्नुहोस्**ः गर्मी दिनमा, गोजीमा फोन राख्दा यो झनै



तात्छ । शरीरको ताप र कडा घामले फोनलाई आलुजस्तै उसिन्न सक्छ । त्यसैले फोनलाई शरीरबाट टाढा राख्नुपर्छ । फोन झोला वा अन्य ठाउँमा राख्नुपर्छ ।

**फोनलाई आराम दिनुहोस्**ः बेलाबेलामा फोनलाई आराम दिंदा चीसो रहन्छ । यो सबैभन्दा राम्रो तरीका हो । फोन धेरै तातो हुन्छ भने यसलाई केही समयको लागि बन्द गरिदिनुस् । आफ्नो वरपरको वातावरणको आनन्द लिनुहोस्, फोन बन्द गरेर राख्दा आँखालाई पनि आराम पुग्छ ।

**प्रत्यक्ष घाममा नराख्नुहोस्**ः फोनलाई धेरैबेर घाममा नराख्नुहोस्, नत्र तातो हुन्छ । फोनलाई सधैं चीसो, छायादार ठाउँमा राख्नुपर्छ ।

**फोनलाई हवाइजहाज मोडमा राख्नुहोस्**ः तपाईंको फोनले जति धेरै काम गर्छ, उत्तिकै तातो हुन्छ । गेम खेल्ने, फोन कल गर्ने वा एकैपटक धेरै एपहरू चलाउँदा फोन छिट्टै तात्न सक्छ । त्यसैले यदि गर्मी धेरै छ भने फोनलाई हवाइजहाज मोडमा राख्नुहोस् वा आराम दिनुहोस् ।

**फोन कारमा नराख्नुहोस्**ः गर्मी दिनमा फोन कारमा छाड्दा यसले ठूलो हानि पुऱ्याउन सक्छ । पार्क गरिएको गाडी यति तातो हुन सक्छ कि त्यसमा खाना पनि पकाउन सकिन्छ । तसर्थ कार फोनको लागि राम्रो ठाउँ होइन ।

**चार्ज गर्दा फोनमाथि कुनै पनि कुरा नराख्नुहोस्**ः फोन चार्ज गरिरहेको बेला सिरानी, कम्बल वा अन्य कुनै चीज फोन मुनि अथवा माथि नराख्नुहोस् । यी चीजहरूले चार्ज गर्दा उत्पन्न हुने गर्मीलाई रोक्छ । फोनलाई चीसो, कडा सतहमा मात्र चार्ज गर्नुपर्छ ।

– प्रतीक डेस्क (एजेन्सीहरूको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# इजराइल आक्रमणपछि इरानद्वारा आणविक केन्द्र बन्द

संयुक्त राष्ट्रसङ्घ, ४ वैशाख/एएफपी

इरानले सप्ताहन्तमा इजराइलमाथि ठूलो मात्रामा ड्रोन र मिसाइल हमला गरिरहेका हाम्रा निरीक्षकहरूलाई इरान सरकारले हिजो आइतवार सुरक्षाका कारण सबै आणविक केन्द्र बन्द रहने



इजरायल अधीनस्थ पश्चिमी किनाराको रामाल्लाहनजीक मुघाइर गाउँमा इजरायली सैनिक। तस्वीर एएफपी

गरेपछि 'सुरक्षाका कारण' आफ्ना आणविक केन्द्रहरू अस्थायीरूपमा बन्द गरेको संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी संस्थाका प्रमुखले सोमवार बताएका छन्।

राष्ट्रसङ्घीय सुरक्षा परिषद्को बैठकका क्रममा पत्रकारहरूले अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का प्रमुख राफेल ग्रोसीलाई आक्रमणको प्रतिशोधमा इरानी आणविक केन्द्रहरूमा इजराइली आक्रमणको सम्भावनाप्रति चिन्तित हुनुहुन्छ कि भनी प्रश्न गरेका थिए।

"हामी सधैं यस्तो सम्भावनाबारे चिन्तित छौं, म यति भन्न सक्छु कि इरानमा आणविक केन्द्रहरूको निरीक्षण जानकारी गराएको छ"–उनले भने।

उनका अनुसार सोमवार आणविक केन्द्रहरू पुनः खुल्नुपर्ने थियो तर निरीक्षकहरू अर्को दिनसम्म फर्कने छैनन्। 'अत्यधिक संयमता' अपनाउन आग्रह गर्दै उनले भने–"स्थिति पूर्ण शान्त नभएसम्म मैले निरीक्षकहरूलाई फर्कन नदिने निर्णय गरें।"

दमास्कसमा आफ्नो वाणिज्य दूतावासको भवनमा भएको हवाई आक्रमणको जवाफमा इरानले आइतवार राति इजराइलमाथि तीन सयभन्दा धेरै ड्रोन र मिसाइल प्रहार गरेको थियो। दमास्कसमा भएको इजराइली आक्रमणमा इरानका दुई जनरलसहित रिभोल्युशनरी गार्डका सात सदस्य मारिएका थिए।

इजराइल र उसका सहयोगीहरूले इरानका अधिकांश हतियार खसाएका थिए र इरानी आक्रमणमा सामान्य क्षति भएको थियो तर सम्भावित इजराइली प्रतिशोधबारे चिन्ताले पुनः क्षेत्रीय युद्धको डर उत्पन्न गरेको छ। इजराइलले पहिले पनि यस क्षेत्रमा आणविक स्थलविरुद्ध कारबाई गरिसकेको छ।

सन् १९८१ मा वाशिंगटनले विरोध गरे पनि इजराइलले सद्दाम हुसेनको इराकमा ओसिरिक आणविक रिएक्टरमा बम हमला गरेको थियो। साथै उसले सन् २०१८ मा ११ वर्ष अघि सिरियामा एउटा रिएक्टरविरुद्ध उच्चस्तरको गोप्य हवाई हमला शुरू गरेको स्वीकार गरेको थियो।

तेहरानले इजराइलमाथि सन् २०१० मा दुई इरानी आणविक भौतिकविद्को हत्या गरेको र गत वर्ष एउटा अर्को अपहरण गरेको आरोप लगाएको छ। यसका साथै सन् २०१० मा स्टक्सनेट भाइरसजन्य परिष्कृत साइबर हमलाका कारण युरेनियम संवर्द्धनका लागि प्रयोग गरिने इरानी सेन्ट्रिफ्युजमा शृखलाबद्ध खराबी आएको थियो।

तेहरानले यसका लागि इजराइल र संयुक्त राज्य अमेरिकालाई दोष दिएको थियो।

इजराइलले इरानमाथि आणविक बम हासिल गर्न चाहेको आरोप लगाएको छ। इरानले उक्त आरोपलाई अस्वीकार गरेको छ। रासस







गहवामाई मन्दिरबाट मङ्गलवार चैते दशैंमा निसानसहितको डोलीयात्रा निकालिएको छ। गहवामाई मन्दिरबाट निकालिएको डोलीयात्रा नगरपरिक्रमा गरी सोही स्थलमा आएर समापन भएको थियो। डोलीयात्रामा नगरप्रमुख राजेशमान सिंह, संविधानसभा सदस्य राजेन्द्रबहादुर अमात्य, माईस्थान मन्दिर सञ्चालक समितिका अध्यक्ष नरेन्द्र शाह, पूर्वअध्यक्ष मदन गुप्तालगायतको सहभागिता थियो। यसअघि, बिहान मोटरसाइकल ऱ्याली निकालिएको थियो। तस्वीरः नितेश कर्ण

# भारतीय कश्मीरमा डुङ्गा पल्टँदा १५ जना बेपत्ता

श्रीनगर (भारत), ४ वैशाख/एएफपी

भारत प्रशासित कश्मीरमा मङ्गलवार नदीमा एउटा डुङ्गा पल्टिएपछि बेपत्ता भएका १५ जनाको खोजीमा उद्धारकर्मी खटेका अधिकारीहरूले बताएका छन्। श्रीनगर शहरस्थित झेलम नदीमा डुङ्गा पल्टिंदा बेपत्ता हुनेहरूमा विद्यालय गइरहेका केही बालबालिका पनि रहेका थिए।

कश्मीरका एक वरिष्ठ अधिकारीले आफ्नो नाम उल्लेख नगर्ने शर्तमा भने–"दुर्घटनापछि बालबालिकासहित करीब १५ जना बेपत्ता भएका छन्।" कश्मीर उपत्यकामा केही दिनको वर्षापछि नदीको पानी बढेको थियो। प्रत्यक्षदर्शीहरूका अनुसार डुङ्गा पार गर्न प्रयोग गरिने डोरी पानीको तीव्र बहावका कारण चुँडिएको थियो। श्रीनगरका जिल्ला मजिस्ट्रेट बिलाल मोही–उद–दिन भटले भने–"हाम्रो उद्धार टोली त्यहाँ छ, हामी घटनाको पूर्ण विवरण पत्ता लगाइरहेका छौं।" धेरै कार्यालयका कर्मचारी तथा विद्यालयका विद्यार्थीहरू सडक यातायातबाट बच्न बिहान डुङ्गाबाट नदी पार गर्छन्।

कश्मीरमा पहाडी क्षेत्रमा सडक दुर्घटनाहरू सामान्य भए पनि यात्रुवाहक डुङ्गा दुर्घटना विरलै हुन्छ। रासस

# जर्मनीका सोल्सले युक्रेनमा 'केवल शान्ति'बारे छलफल गर्ने

बेइजिङ, ४ वैशाख/एएफपी

जर्मन चान्सलर ओलाफ सोल्सले मङ्गलवार चीनका राष्ट्रपति सी जिनपिङसँग युक्रेनमा 'न्यायपूर्ण शान्ति' बारे छलफल गर्ने बताएका छन्।

"राष्ट्रपति सीसँग भेटमा हामी कसरी युक्रेनमा न्यायपूर्ण शान्तिका लागि थप योगदान दिन सक्छौं भन्ने कुरामा केन्द्रित हुनेछौं"–सोल्सले सामाजिक सञ्जाल एक्समा एक पोस्टमा भने–"मेरो पछिल्लो चीन भ्रमणदेखि नै दुई सरकारबीच गहन विचार आदानप्रदान भएको छ।"

यस अघि सोल्सले बर्लिनको सबैभन्दा ठूलो व्यापारिक साझेदार बेइजिङको तीन दिने भ्रमणको अन्तिम दिन चिनियाँ राष्ट्रपति सीलाई भेटेको र दुवैले राजधानीमा डियाउटाई स्टेट गेस्टहाउसमा अनौपचारिक छलफल गर्ने चिनियाँ सञ्चारमाध्यमहरूले बताएका थिए।

सोल्सको लक्ष्य व्यापार सम्बन्धलाई बलियो बनाउनु रहेकोले भ्रमणले उनलाई दक्षिणपश्चिमी मेगासिटी चोङकिङ, आर्थिक महाशक्ति साङ्घाई र राजधानी बेइजिङ लगेको छ। चान्सलर सोल्सको आइतवारदेखि मङ्गलवारसम्मको चीन भ्रमणमा मन्त्री र व्यावसायिक अधिकारीहरूको एउटा ठूलो प्रतिनिधिमण्डल पनि गएको छ। पदभार ग्रहणपछि यो उनको दोस्रो चीन भ्रमण हो।

मङ्गलवार उनले चिनियाँ प्रधानमन्त्री ली छ्याङसँग भेट गर्ने र जर्मन–चिनियाँ आर्थिक समितिसँग बसेर पत्रकार सम्मेलन गर्ने अपेक्षा गरिएको छ। जर्मनीका धेरै पश्चिमी सहयोगीहरू व्यापारिक मुद्दामा चीनको सामना गरिरहेका बेला सोल्सको चीन भ्रमण भएको छ।

ब्रसेल्समा चिनियाँ सौर्य प्यानल, विद्युतीय कार र वायु टरबाइनका लागि राज्य सहयोगको अनुसन्धान भइरहेको छ। यसैबीच अमेरिकाले कारहरूमा चिनियाँ प्रविधिबाट उत्पन्न राष्ट्रिय सुरक्षा जोखिमहरूको अनुसन्धान गरिरहेको छ। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | भयचिन्ता | वृष | मित्रमिलन |
| मिथुन | अतिथिआगमन | कर्कट | सुयश |
| सिंह | अलमल | कन्या | धनलाभ |
| तुला | सफलता | वृश्चिक | ईश्वरभक्ति |
| धनु | रोगभय | मकर | व्यापारवृद्धि |
| कुम्भ | शत्रुपराजय | मीन | ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# कार्यान्वयनमुखी बजेट ल्याउन विज्ञहरूको सुझाव

काठमाडौं, ४ वैशाख/रासस

विज्ञहरूले आगामी आर्थिक वर्षका लागि कार्यान्वयनमुखी बजेट ल्याउन सुझाव दिएका छन्।

राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिको मङ्गलवार सिंहदरबारमा भएको बैठकमा विज्ञहरूले सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायमा आधारित भई लैङ्गिक उत्तरदायी बजेट ल्याउनुपर्नेमा जोड दिएका हुन्।

आव २०८१/८२ को सम्बन्धमा पूर्वबजेट छलफलमा विज्ञहरूको सुझाव लिइएको थियो। उनीहरूले दिगो कृषि विकास, ऊर्जा, पर्यटन क्षेत्रको विकासका साथै वातावरणमैत्री बजेट ल्याउन समितिमार्फत सरकारलाई सुझाव दिएका हुन्।

अर्थविद् डा गोविन्द नेपालले ठूलो बजेट ल्याउने र कार्यान्वयनमुखी नहुँदा वित्तीय असन्तुलन बढेको भन्दै कार्यान्वयनमुखी बजेट ल्याइनुपर्ने खाँचो औंल्याए। उनले कृषि आधुनिकीकरण, सूचना प्रविधि, ऊर्जा, पर्यटनलगायतका विषयलाई प्राथमिकतामा राखेर बजेट ल्याउन सुझाव दिए।

डा नेपालले सार्वजनिक खर्चको वित्तीय असन्तुलन न्यूनीकरण गर्न सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन पूर्णरूपमा कार्यान्वयन गरेर बजेट ल्याइनुपर्ने धारणा राखे।

काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार प्राडा अच्युत वाग्लेले नेपालको अर्थतन्त्रको संरचनालाई वातावरणमैत्री बनाउन जरुरी भएको उल्लेख गरे। उनले बजेटमा दिगो कृषिको विकास, दिगो उत्पादन र वातावरणमैत्री विषयलाई प्राथमिकता दिनुपर्ने बताए।

सामाजिक अभियन्ता एवं विज्ञ भारती सिलवाल गिरीले लैङ्गिक समानता र महिला सशक्तीकरणका मुद्दालाई आगामी बजेटले समेट्नुपर्ने सुझाइन्। "लैङ्गिकमैत्री बजेट ल्याइनुपर्छ, यसले सामाजिक न्यायसहितको सुशासन प्रवर्द्धन हुने भएकाले सरकारलाई पनि सहयोग पुग्छ," उनले भनिन्।

बैठकमा राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले विज्ञहरूको राय सुझावले आगामी बजेटलाई समृद्ध बनाउन मदत पुग्ने विश्वास व्यक्त गरे। समितिका सभापति कमलादेवी पन्तले आगामी बजेट महिलामैत्री, वातावरणमैत्री, सुशासनमैत्री तथा सामाजिक न्यायमा आधारित दलित, पिछडिएका, सीमान्तकृत समुदायलाई सम्बोधन गर्ने हुनुपर्ने धारणा राखिन्।

समितिका सचिव डा रोजनाथ पाण्डेले विज्ञहरूबाट आएका राय सुझावको मस्यौदालाई समितिले पारित गरेर अर्थ मन्त्रालयमा पठाउने जानकारी दिए।

बैठकमा सांसद घनश्याम रिजाल, झक्कुप्रसाद सुवेदी, उर्मिला अर्याल, तारामान स्वार, तुलप्रसाद विश्वकर्मा, भुवनबहादुर सुनार, सावित्री मल्ललगायतले विज्ञको सुझाव समितिका लागि महत्त्वपूर्ण रहेको र यसलाई बजेटमा समावेश गर्न समितिले पहल गर्नुपर्नेमा जोड दिए।

# एक रुपियाँ बचतबाट बन्यो आठ करोडको पूँजी

तनहुँ, ४ वैशाख/रासस

सुन्दा पत्यार नलाग्न सक्ला तर एक रुपियाँ बचतले रु आठ करोडको पूँजी सङ्कलन भएको छ। बन्दीपुर गाउँपालिका–४ स्थित विमलनगर आमा समूहले एक रुपियाँबाट बचत शुरू गरेको कोषमा हाल रु आठ करोड जम्मा भएको छ।

करीब तीन वर्षसम्म समूहले रु एक, दुई, दश, बीस, पचास र रु एक सयका दरले क्रमिकरूपमा बचत गर्दै आएको थियो। विसं २०५४ सालमा समूहले सहकारी सञ्चालन गर्ने निर्णयअनुरूप मर्स्याङ्दी आमा बचत तथा ऋण सहकारी संस्था स्थापना गरेका थिए।

आमा समूहले बचत गर्दै आएको पैसाले सहकारी सञ्चालन गरेपछि अहिले संस्थाको पूँजी रु आठ करोडभन्दा बढी पुगेको हो। महिलाले सञ्चालनमा ल्याएको उक्त सहकारी गाउँपालिकामैं नमूना र अनुकरणीय गर्न योग्य रहेको संस्थाकी लेखा संयोजक बबिता थापाले बताइन्। अहिले सहकारी संस्थामा आठ सयभन्दा बढी शेयर सदस्य छन्। उनले भनिन्, "शुरूमा एक रुपियाँ बचत गर्ने महिलाले अहिले मासिक रु एक हजार पाँच सयसम्म जम्मा गर्न थालेका छन्।"

सहकारी संस्थामा कार्यरत सबै कर्मचारी महिला छन् भने लेखा समिति, शिक्षा उपसमिति, ऋण उपसमिति, धितो मूल्याङ्कन समितिलगायतमा महिलाले नै नेतृत्व गर्दै आएका छन्। धितो राखेर रु १५ लाखसम्म ऋण दिन सक्ने अवस्थामा सहकारी पुगेको संस्थाकी अध्यक्ष वासनाकुमारी मगरले बताइन्। सहकारीले कृषि र उच्च शिक्षा पढ्नका लागि शिक्षा धितोमा १२ प्रतिशत र अन्य शीर्षकका कर्जामा १४ प्रतिशत ब्याज निर्धारण गरेको छ।

गाईपालन, तरकारी, धूप तालीम र घरबास सञ्चालनलगायतमा लगानी गर्ने गरिएको सो संस्थाले जनाएको छ। संस्थाको आफ्नै भवन रहेको छ। तत्कालीन समयमा रु एक लाख ४६ हजारमा जग्गा खरीद गरी केही नगद खर्च र श्रमदानबाट भवन निर्माण गरिएको लेखा संयोजक थापाले बताइन्।

वडामा रहेका आमा समूहले सामाजिक क्रियाकलाप विवाह, व्रतबन्धलगायतका कार्यमा सक्रिय हुँदै आएको छ भने वडाभित्र सीमित रहेको सहकारी संस्थालाई पालिका तहसम्म क्षेत्र विस्तार गरिएको छ। आगामी दिनमा सहकारीलाई गण्डकी प्रदेशस्तरमा लैजानेलगायतका योजना बनाइएको अध्यक्ष मगरले जानकारी दिइन्।

### कानूनको ...

हाम्रा उपलब्धिहरू के कस्ता रहे, समस्या र चुनौतीहरू कहाँ र के रहे, त्यसको समाधानका निम्ति नीतिगत, कानून, संस्थागत, संरचनागत र कार्यशैलीगत क्षेत्रमा के कस्तो सुधार आवश्यक छ भन्नेबारे गम्भीर छलफल भइरहेको छ।"

## सर्लाहीका किसान गहुँ भित्र्याउँदै



तस्वीरः प्रतीक

नितेश कर्ण, वीरगंज, ४ वैशाख/

सर्लाहीका किसानहरूलाई यतिखेर गहुँ काट्ने, थ्रेसिङ गर्ने र बाली भित्र्याउन व्यस्त छन्। खेतमा असारे धानको बीउ छर्नुपर्ने भएकोले यतिबेला किसानहरू गहुँ भित्र्याउन लागिपरेका हुन्। गत वर्षको तुलनामा यस वर्ष गहुँको उत्पादनमा कमी आएको कविलासी नगरपालिका–७ का दीपेन्द्र रायले बताए। उनले पर्याप्त वर्षा नहुँदा तथा सिंचाइको राम्रो व्यवस्था नहुँदा गहुँ उत्पादनमा कमी आएको बताए।

सर्लाहीमा गहुँखेती २९ हजार ९०५ हेक्टर जग्गामा हुने गरेको कृषि ज्ञान केन्द्र, सर्लाही जनाएको छ। गत वर्षको तुलनामा यस वर्ष पाँचदेखि १० प्रतिशतले उत्पादन बढेको केन्द्र प्रमुख देवानन्द यादवले दाबी गरे।

सिंचाइको सुविधा नभएको र समयमा मल उपलब्ध नभएको क्षेत्रमा उत्पादन कम भएपनि अघिल्ला वर्षको तुलनामा यस वर्ष गहुँ उत्पादनमा वृद्धि भएको प्रमुख यादवले बताए।

जिल्लाको कुल खेतीयोग्य जमीन ५२४.८ हेक्टर क्षेत्रफलमा सिंचाइको सुविधा रहेको उनले बताए। सर्लाहीका किसानहरूले सिंचाइको लागि स्यालो टयुबवेल, इनार, मनुस्मारा नहर तथा बाग्मती र लखनदेही खोलाको पानी प्रयोग गर्ने गरेका छन्।


### सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक)तिर नलागौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## जीतपुरसिमरा गोल्डकपको उपाधि नेपाल पुलिसले जित्यो

प्रस, वीरगंज, ४ वैशाख/

जगदम्बा स्टील १४औं जीतपुरसिमरा गोल्डकपको उपाधि नेपाल पुलिसले जितेको छ। सोमवार राति सिमरा रङ्गशालामा भएको प्रतिस्पर्धात्मक खेलमा मच्छिन्द्र फूटबल क्लबलाई टाइब्रेकरमा ४–३ ले हराउँदै पुलिस क्लबले पहिलोपटक जीतपुरसिमरा गोल्डकपको उपाधि जितेको हो।



तस्वीरः सौजन्य

निर्धारित ९० मिनेट र अतिरिक्त समयको खेल गोलरहित बराबरीमा टुङ्गिएपछि भएको टाइब्रेकरमा पुलिस क्लब विजयी भएको हो। प्रशिक्षक चेतन घिमिरेले टाइब्रेकरलाई लक्षित गर्दै अतिरिक्त समयको अन्तिममा मैदान पठाएका गोलरक्षक अमित टमाटा पुलिस क्लबको जीतमा नायक बने। अमितले मच्छिन्द्रका दुई प्रहार रोकेपछि पुलिस क्लब उपाधि उचाल्न सफल हो।

मच्छिन्द्रका लागि विशाल तामाङ, सनिश श्रेष्ठ र दिवाकर चौधरीले गोल गर्दा सौरभ लिम्बु र चन्दन दासको प्रहार पुलिसका गोलरक्षकले बचाएका थिए। पुलिस क्लबका लागि कप्तान रामचन्द्र बाजे, पूजन राई, सुजन मगर र आशिष राईले गोल गरेका थिए।

यसअघि भएको प्रतिस्पर्धात्मक खेलमा दुवै टीमले निकै आकर्षक अवसरहरू सिर्जना गरे पनि गोल हुन सकेको थिएन। मच्छिन्द्र निर्धारित समयको अन्त्यतिर नौजना खेलाडीमा सीमित बनेको थियो। उत्सव राई ८४औं मिनटमा रातो कार्डको सामना गर्दै मैदानबाट बाहिरिए भने खेलको ८८औं मिनटमा मनीष डाँगी दोहोरो पहेंलो कार्डको सामना गर्दै मैदानबाट बाहिरिए। नौ खेलाडीमा सीमित भएपनि मच्छिन्द्रले अतिरिक्त समयको खेलमा पुलिस क्लबलाई दबाबमा राखेको थियो।

पुलिस क्लबका गोलरक्षक अमित टमाटा फाइनल खेलको ‘प्लेयर अफ दी म्याच’ घोषित भए, उनले शुभारम्भ कलेज अफ म्यानेजमेन्टले प्रायोजन गरेको १० हजार नगदसहित ट्रफी प्राप्त गरे। पुलिस क्लबकै सञ्जित श्रेष्ठ उत्कृष्ट गोलरक्षक घोषित भए। उनले २५ हजार नगदसहित ट्रफी प्राप्त गरे। पुलिस क्लबका उज्ज्वल राई र वीरगंज युनाइटेड क्लबका फागुराम चौधरी समान दुई गोलका साथ प्रतियोगिताको उच्च गोलकर्ता बने। उनीहरूले २५ हजार नगदसहित ट्रफी प्राप्त गरे।

आयोजक नवजनजागृति युवा क्लब सिमराका प्रज्वल थापामगरले ‘इमर्जिङ प्लेयर अफ दी टुर्नामेन्ट’को ट्रफीसहित १५ हजार नगद प्राप्त गरे। प्रतियोगिताको फेयर प्लेको ट्रफी आयोजक टीमले नै प्राप्त गर्‍यो। मच्छिन्द्रका विमल घर्तीमगर प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए। उनले टिभिएस स्कूटर प्राप्त गरे।

नवजनजागृति युवा क्लबका अध्यक्ष रामचन्द्र लामाको अध्यक्षतामा भएको कार्यक्रममा सांसद कृष्णकुमार श्रेष्ठ, महानायक राजेश हमाल, जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारी, बारागढी गाउँपालिकाका अध्यक्ष अशोक जयसवाल, प्रसौनी गापाका अध्यक्ष विनोदप्रसाद पटेल, ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठ, नेपाली सेनाका सहायक रथी राजेन्द्रमणि गिरी, नेपाल प्रहरीका मधेस प्रदेश प्रमुख डिआइजी यज्ञविनोद पोखरेल, जगदम्बा स्टीलका कृष्णदत्त भट्ट, नेपाभिट टायल्सका विभा झालगायतले शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए।

## टी–१० क्रिकेटः चिकित्सकसँग पत्रकार पराजित

प्रस, वीरगंज, ४ वैशाख/

नेपाल राष्ट्र बैंक लिमिटेडको ६९औं वार्षिकोत्सवको अवसरमा आयोजित टी–१० क्रिकेट लिग प्रतियोगितामा नेपाल चिकित्सक सङ्घ वीरगंजले नेपाल पत्रकार महासङ्घ पर्सालाई पराजित गरेको छ।

टी–१० क्रिकेट लिग प्रतियोगिता अन्तर्गत मङ्गलवार भएको तेस्रो खेलमा चिकित्सकले पत्रकारलाई ६१ रनअन्तरले पराजित गरेको थियो। आदर्शनगर खेलमैदानमा पहिला ब्याटिङ गरेको चिकित्सक सङ्घले निर्धारित १० ओभरको खेलमा आठ विकेट गुमाएर १०६ रन बनाएको थियो। प्रतिउत्तरमा पत्रकार महासङ्घ ९.४ ओभरमा सबै विकेट गुमाएर ४५ रनमा सीमित भयो।




खेलको ‘म्यान अफ दी म्याच’ नेपाल चिकित्सक सङ्घ वीरगंजका डा नदिम हुसेनलाई नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले शिल्ड प्रदान गरेका थिए।

नेपाल राष्ट्र बैंक, वीरगंजको आयोजनामा सोमवारदेखि सञ्चालित टी–१० क्रिकेट लिग प्रतियोगिता वैशाख ५ गतेसम्म चल्ने नेराबैंक, वीरगंजका सहायक निर्देशक नरेशकुमार सर्राफले बताए।

प्रतियोगितामा नेपाल राष्ट्र बैंक वीरगंज, नेपाल पत्रकार महासङ्घ पर्सा, वीरगंज बैंकर्स ग्रुप, नेपाल चिकित्सक सङ्घ, वीरगंज महानगरपालिका र एनवाइएफ वीरगंज सहभागी छन्।

## अन्तरपालिकास्तरीय खुल्ला पुरुष भलिबलको उपाधि बौदीकालीलाई

रामपुर (पाल्पा), ४ वैशाख/रासस

अन्तरपालिकास्तरीय खुल्ला पुरुष भलिबल खेलको उपाधि बौदीकाली गाउँपालिका नवलपुरले हात पारेको छ। पाल्पाको निस्दी गाउँपालिकामा आयोजना भएको प्रतियोगिताको फाइनलमा चापाकोट नगरपालिका स्याङ्जालाई ३–० को सोझो सेटले हराउँदै बौदीकालीले उपाधि चुम्न सफल भएको छ।

फाइनल खेलमा पहिलो, दोस्रो र तेस्रो सेट बौदीकालीले क्रमशः २५–२२, २५–१८ र २५–१४ ले जित्यो। चापाकोट उपविजेता बन्दा घिरिङ गाउँपालिका तनहुँ तेस्रो भएको छ।

निस्दी गाउँपालिकालाई २५–१३, २५–२२ र २८–२६ अङ्कसहित ३–० को सोझो सेटमा पराजित गर्दै घिरिङ तेस्रो भएको छ भने निस्दी गाउँपालिका चौथो भएको छ।

उत्कृष्ट खेलाडी बौदीकाली गाउँपालिकाका विश्वास अधिकारी, उत्कृष्ट स्पाइकर बौदीकाली गाउँपालिकाका अशोक श्रेष्ठ, उत्कृष्ट सेटर बौदीकालीका दानबहादुर गाहा, उत्कृष्ट डिफेन्डर चापाकोट नगरपालिकाका राजन दर्लामी, उत्कृष्ट सर्भर घिरिङ गाउँपालिकाका सुजन राना, उत्कृष्ट ब्लकर चापाकोटका विवश थापा र उत्कृष्ट कोच बौदीकालीका सञ्जित सिञ्जाली घोषित भएका छन्।

प्रतिनिधिसभा सदस्य ठाकुरप्रसाद गैरेले विजेतालाई पुरस्कार वितरण गरे। विजेता टोलीले रु एक लाख ३० हजार, दोस्रो हुनेले रु ८० हजार, तेस्रो हुनेले रु ५० हजार र चौथो हुनेले रु २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्।

पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुरका गरी छ समूहले प्रतियोगितामा सहभागिता जनाएका थिए। दोस्रो निस्दी कृषि, पर्यटन, सांस्कृतिक तथा खेलकूद महोत्सवको अवसरमा भलिबल प्रतियोगिता आयोजना गरिएको हो।

## स्थानीयस्तरबाट खेलाडी तयार गर्न राज्यले विशेष ध्यान दिनु आवश्यक छ –राष्ट्रपति पौडेल

काठमाडौं, ४ वैशाख/रासस

राष्ट्रपति रामचन्द्र पौडेलले खेलकूदका माध्यमबाट देशलाई विश्वमाझ चिनाउन स्थानीयस्तरबाट नै खेलाडी तयार गर्न राज्यले विशेष ध्यान दिन जरुरी रहेको बताएका छन्। युवा तथा खेलकूद मन्त्रालयद्वारा मङ्गलवार आयोजित १४औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन गर्दै उनले खेलकूद विकासका लागि आवश्यक स्रोत, साधन, दक्ष प्रशिक्षक र पूर्वाधार निर्माणमा राज्यले विशेष जोड दिनुपर्छ भने।

“गाउँगाउँमा विकासका विभिन्न पूर्वाधार निर्माण गरेजस्तै खेलकूदको पनि विकास गर्नुपर्छ। शिक्षा र खेलकूद एक सिक्काका दुई पाटा हुन्। कक्षाकोठाको शिक्षाले विद्यार्थीको आँखा र मस्तिष्क खुलाउँछ भने खेलकूदले मस्तिष्क, हातखुट्टा र मनलाई क्रियाशील तथा अनुशासित बनाउँछ,” राष्ट्रपति पौडेलले भने, “विशेषतः खेलाडी गाउँ, जिल्ला र प्रदेशमैं टिक्न र भविष्य बनाउन सक्छन् भन्ने सुनिश्चितता दिन स्थानीय तह र प्रदेश सरकारको विशेष ध्यान पुग्न जरुरी छ, खेलाडीको भविष्य सुनिश्चित गर्न निजी क्षेत्रले पनि उत्तिकै हातेमालो गर्नुपर्छ भन्ने लाग्छ।”

विद्यार्थीको खेलकूदमा संलग्नता समृद्धि, सफलता र समाज निर्माणको आधार भएको जनाउँदै उनले विद्यार्थी खेलकूदमा निरन्तर अग्रसर हुँदा उनीहरूमा नयाँ विचार र नवप्रवर्तन क्षमता पनि विकास हुन्छ भने।